मानुवंश

११८

प० ३ नं० अध्ययन मण्डलको वार्षिक पत्रिका



सम्पादक मण्डल

देवराज सुवेदी, तेजराज सुवेदी, बलराम उपाध्याय,

कृपया यह ग्रन्थ नीचे निर्देशित तिथि के पूर्व अथवा उक्त तिथि तक वापस कर दें। विलम्ब से लौटाने पर प्रतिदिन दस पैसे विलम्ब शुल्क देना होगा।

अध्ययन मण्डलको कार्य कारिणीको नामावली—

सभापति—भोजराज शर्मा

उप सभापति—पीताम्बर शर्मा

महामंत्री—तेजराज सुवेदी

मंत्री—बलभद्र शर्मोपाध्याय

अर्थ मंत्री—खेमराज शर्मा

साहित्य मंत्री—देवराज सुवेदी

सांस्कृती मंत्री—फणीन्द्रमोहन शर्मा

प्रचार मंत्री—गुप्तराज शर्मा

संगठन मंत्री—चन्द्रनाथ खनाल

सदस्य—शेषरमण शर्मा

नन्दप्रसाद अधिकारी

रेवतीविलास शर्मा

नन्दलाल शर्मा

यमुनाप्रसाद शर्मा

शिवराज लामिछाने

तारानाथ शर्मा

भगीरथ शर्मा

सबै चन्दा दाताको नाम दिन नसकेकोमा क्षमा माग्छौं।

सम्पादकीय

आजको कविता

कविता मानव-जीवनको एउटा प्राकृतिक प्रवृत्ति हो। शिक्षा र सभ्यताले जरो नगाडीकन पनि मानिस कविता गुनगुनाउँथ्यो, आफ्नू वह, प्रेम वा चाहनालाई संगीतमय रूपमा व्यक्त गरेर आत्मः सन्तोष लिन्थ्यो अनि अरूलाई खुशी गराउँथ्यो। आजको युगमा कविताले पनि मानवले जस्तै अर्कै फुक्का, भावना प्रधान र मौलिक रूप लिएको छ। अब कवितालाई कुनै बन्धन वा सीमित परिभाषामा बाँध्न सकिंदैन र बाँध्न खोज्नु पनि हुँदैन। अभिव्यक्तिको स्वतन्त्रता भएन भने कविता कुंठित हुन्छ अनि हाम्रा भावनाहरू पनि चेपारिन्छन्, साँघुरिन्छन्।

हाम्रो साहित्यमा कविताले निक्कै विकास गरेको भए पनि अझै त्यसमा देशको सर्वाङ्गीण प्रतिनिधित्व हुन सकेको छैन। मानिसका भावना, सोचाइका तरिका अथवा विचार उसको वरिपरिको वातावरण र परिस्थितिको नै अनुकूल हुन्छन्। एउटा सहरियाले एउटा गाउँजेको मर्म पीडा र अनुभवहरूलाई यथार्थ रूपमा मुल्यांउन असम्भव हुन्छ भने एउटा महलमा बस्नेले झुप्राको भावना र चिन्तनलाई राम्ररी व्यक्त गर्न सक्तैन। एकातिर तल्लो वर्ग नवीन चेतना र जागृतिको स्फुरणले आफ्नू प्रतिभाको राँको लिएर अघि बढ्न खुसुराउँदैछ तर अर्कातिर विभिन्न दबाउ र बन्धनहरूले उसलाई त्यहीं थेचारिन बाध्य गराइ रहेछन्। यस अवस्थामा कविताले उचित रूपमा मौलाउन नपाउनु एक प्रकारले स्वाभाविक नै देखिन्छ।

कवि भाट, बन्दी, चारण होइन, न ऊ विज्ञापनकर्ता अथवा प्रचारक हो— अवश्य,आफ्नो सैद्धान्तिकताको प्रतिपादन ऊ गर्छ, नभए त उच्छृंखल भएर मनपरी लेख्नु पनि कविता नै हुने भयो। कवि आफ्नू हृदयबाट उलेंको अनुभूतिहरूलाई माधुर्यले सिंगारेर कलात्मक रूपमा प्रस्तुत गर्छ, त्यसमा

सौन्दर्यका बुद्धा भन्छ । ऊ पैसामा बेचिंदैन, प्रलोभनमा फँस्दैन, यो वास्तविक कवि छ भने । उसको आत्मा सधैं फुक्का हुन्छ, ऊ त्यसैको स्वतन्त्र गीत गुनगुनाउँछ । यही भावना आज हामीले देश भरि फैलाउनु छ—जागृतिको पाञ्चजन्य फुक्दै कुना काप्चामा टाक्सिएर रहेका प्रतिभालाई प्रकाशमा ल्याउनु परेको छ, देशको सही प्रतिनिधित्व गर्ने किसान, मजदूर र निम्न मध्यम वर्गी हरूको पुकार र आनन्दलाई त्यसमा स्थान दिएर उनी हरूको जीवनमा नयाँ प्रकाश ल्याउनु परेको छ । छायावाद र रहस्यवादको आँधीमा मात्र उडेर, 'मुहब्बत' र 'इस्क' लाई नै प्राथमिकता दिएर आज हाम्रो साहित्यले उचित बाटो पक्रन सक्छ भन्न सकिंदैन ।

'भानु-उदय' ले दोस्रो वर्षको दोस्रो अङ्कमा पाइलो हाल्ने मौका पायो। आर्थिक परिस्थिति दयनीय हुँदा हुँदै पनि लडी भिडी यो आज आफ्नु रूप फेरि देखाउन सफल भएको छ । यही एउटा मुख्य कारण हो जसले गर्दा विभिन्न प्रकारका र मौलिकता र कलात्मकतामा एकदमै पछाडि परेका कविताहरू पनि यसमा सँगालिएका छन् । यति भएर पनि प्रायः सबै जसो कवि र कविताकारहरूले एउटा सामाजिक विद्रोह, देशलाई उज्यालो बनाउने आकांक्षा र आउँदै गरेको नयाँ उज्यालोलाई संकेत गरेका छन्—आशा, उत्साह र रचनाको बाटोमा अग्रसर हुने प्रवृत्ति झल्काएका छन् ।

हुनत अर्को के प्रश्न पनि उठ्न सक्छ भने 'जाग जाग' 'उठ' अथवा 'शोषण हटाऊ' भन्दैमा सामाजिक व्यवस्था कसरी बदलिन सक्छ ! मिहलस्रु पल्टेर कराउँदै 'किसानहो, उठ' भन्नेहरुको संख्या पनि आज कम्ती छैन । भनाइ र व्यवहारमा सामञ्जस्य ल्याउन न सके सम्म अवश्य व्यवस्थामा नवीनता आउन सक्दैन । यसको निम्ति समस्त परिपाटीलाई जरैदेखि नयाँ रूप दिनु आवश्यक हुन्छ । तर पनि यो भावनात्मक देन हो जसलाई युगले क्रियात्मक रूपमा परिणत गराउन कर लाउने छ ।

अरू दृष्टिले यो यति सफल वा असफल छ [illegible] उद्देश्य यहाँ होइन । पाठकहरूको हातमा पुगे पछि यसको निर्णय आफैं हुनेछ ।

 पशुपति प्रवासी,

अर्थ भन्नु यति छ, के भने नेपाली कविताको मन्दिरमा आजका उत्साही युवक र छात्रहरूको आफ्नू गच्छे अनुसारको यो एउटा पाहुर हो—यो एउटा पुकार र विलौना हो, भावनाको कलिलो प्रकाशन हो जसले समयको प्रगति र प्रयासले अझैं सिंगारिनु छ, सिंगारिंदै र मौलाउँदै जानु पनि छ।

हाम्रो भनाई

महाँमन्त्री—तेजराज सुवेदी

म आज अध्ययन मण्डलको विषयमा विचार गर्नु भन्दा पहिलै एक दुई कुराको उल्लेख पनि गरौं भनेर युवक संगठनको बारेमा उल्लेख गर्दछु। आजको संगठनमा विशेष गरेर बुझ्न पर्ने कुरा के भने हामी बुद्धिजीवी प्रगतिशील विचार धाराले ओत-प्रोत भएका युवकहरूको मूलभूत समस्या के हो? (प्रतिक्रयावादी बिचारधारा संग सम्बन्धितहरूलाई छोडेर) केवल प्रगतिशील विचारमा हिड्नेहरूको लागी मात्र यहाँ उल्लेख गरिन्छ। किन भने देशको वास्तविक सही चरित्र चित्रण र देशमा समय समयमा आइपर्ने सामाजिक, साहित्यिक, सांस्कृतिक, राजनीति, र अन्य समस्यालाई पनि कुन सही र कुन गलत हो भनेर छुट्याउने पनि क्रमिक विकाशको आधारमा प्रगतिशील विचार धारा भएका बुद्धिजीवीहरूलेमात्र सक्दछन्। र देशको आर्थिक विषय र शिक्षा पद्धतिको पनि राम्रो विश्लेषणको आधारमा सही कुरो पत्तो लगाउने र देश निर्माण र हाम्रो जस्तो पछाडीएको देशलाई कसरी चम्काउने भन्ने पनि सवाल उनैको नै हो। यसैले देशको वास्तविक स्थितीलाई विश्लेपण गरेर देशमा सब भन्दा सताईएको समाजको भविष्य कसरी उज्वल वन्न सक्दछ भन्ने कुरालाई समस्त प्रगतिशील विचारधारा भएका छात्रले विचार गर्नु पर्छ।

सैद्धान्तिक परिपाटीको आधारमा अनुशासन बद्धरूपले व्यवारिक क्षेत्रमा उत्रने काम पनि प्रगतिशीलवादिको नै हो। यसैले यही विचारलाई ठोस र सही बनाउनको लागि विभिन्न संस्था संघ आदि खोलीनु पर्छ र खुलेका छन्। यसले जे विचार गर्छ त्यो नै निति हो। कस्तो नीति हो सही या गलत त्यसको सिंहावलोकन गर्नु पर्छ। यसरो विचार गरि युवक संगठनले समस्याको समाधान गर्न नै "खिचडी नीति होइन, औंसरवादी होइन", सहि र ठोस नीति लिन्छन्। "ताक परे लिवारी नत्र गौतामें" पनि लिदैनन्। राम्रो गरि राष्ट्रीय अन्ताराष्ट्रीय क्षेत्रको क्रमिकरूपले विचार गरि कुन किसीमले द्वन्द चलिरहेको छ यसको मुख्य कारण के ? द्वन्द किन छ द्वन्द्वात्मक भनेको के? यसको र भौतिकवादको के सम्बन्ध छ र संसारमा किन द्वन्द चलेको हो। विचार गरेर यसको आधारमा नै संगठन गर्नु पर्छ।

आज बनारसमा कयौं संगठनहरू खुलेका छन्। कुनै एक संघठनले यसलाई एक सूत्रमा बाध्न सकेन र उल्टै छात्रहरूको आकांक्षालाई तिलाञ्जली दिई आर्थिक विषयमा ठूलो गडबडी गरि आय व्ययको रकमलाई नै लोप पार्नु, युगको गतिलाई चिन्न नसकी मनोमानी चलाउनाले नै संगठित हुन चाहने र काम गर्ने र सही समाजको मूल्यांकन गर्ने विभिन्न रूपमा संगठनमा बाँधिए-का छौं। यसले जुन रूपमा काम गरिरहेको छ (समस्त संगठनको) सन्तोपजनक हुदा हुदै पनि यसले पछि राम्रो रूप लिन सक्दैन "भाई फुटे गमा र लुटे" भने जस्तै हामी हुनेछौ यसैले, गतिलो साहित्यको सृजना गर्ने र देश र देशबासीको र हाम्रो समेत भविष्य उज्वल पार्ने विषयमा सबैले सिलेर गम्भिर पूर्वक विचार गरि एक सूत्रमा बाँधिने कुरालाई समस्त क्षेत्रीय संगठनले बसेर विचार गर्न अत्यन्त आवश्यक परेको छ। जो युग र प्रगतिशील विचारधाराको माँग हो यस मागलाई पुराउनु सबको कर्तव्य हो।

यस्तै विभिन्न संगठन मध्ये प्र० ३ नं० अध्ययन मण्डल पनि एउटा संगठन हो, अब यसका कार्यका सफल भएका कुरा के के छन् भने—अगस्त महिनामा कार्यकारिणीको गठन भयो। कुनै पनि संस्थामा संविधानको आवश्यक हुने हुदा संविधान मसौदा कमिटीको गठन गरि सितम्बर महिनामा बसेको साधारणसभा द्वारा संविधान पास गऱ्यो। कार्यको सुविधाको लागि वाद-विवाद समितिको नियुक्ति गरि, सांस्कृति मंत्री फणिन्द्र मोहन शर्मा, तारानाथ शर्मा, शेषरमण शर्माज्यूले ७-७ दिनमा वाद-विवाद चलाउनु भयो। जसबाट केही मात्रामा बौद्धिक स्तर उठाउने काम भएको छ। आर्थिक समितिमा अर्थ मंत्री खेमराज शर्माको अध्यक्षतामा कविराज शर्मा, शिवराज लामिछानेहरूलाई नियुक्त गरि आर्थिक विषयमा के प्रगति गरियो त्यो अर्थ मंत्रीको आय-व्ययबाट ज्ञात हुनेछ। साहित्य मंत्री देवराज सुवेदी को अध्यक्षतामा सम्पादक मण्डलको गठन भयो।

नेपली साहित्यकार र हिन्दी साहित्यकारको एक साथमा गोष्ठीको आयोजना २५-२-'६४ का दिन गरिएको थियो निश्चित समयमा हिन्दीका साहित्यकारको आगमन केही कारण बस हुन नसकेकोले साहित्य गोष्ठीको कार्य उक्त दिन स्थगित गरियो।

उपसभापति पीताम्बर शर्माज्यूले संगठनको आर्थिक र अन्य विषयमा संगठनलाई बढाउन जुन कार्यगर्नु भएको छ र गर्दै हुनु हुन्छ यहाँको कार्य प्रति यो संगठन साह्रै खुशी छ र वहाँलाई धन्यवादको प्रस्थाव साधारण सभाबाट पास गरिएको छ।

मोदनाथज्यूले जो कवरको ब्लाक बनाउनु भयो यो मण्डल वहाँ देखि ज्यादै खुशी छ। अन्त्यमा के भन्नु छ भने हामीले जुन रूपले कार्य गर्ने निधो गरेका थियौ आर्थिक संगठन र अन्य कतिपय मा मिलेका कुराले पुरा हुन सकेनन् र यस्तो

आर्थिक संकटलाई हल गर्न सबै महानुभाव संग अनुरोध गर्छौं। पत्रिकाको बारेमा केही भन्नु छैन पाठकको समक्ष आएकोछ जे छ यसैमा छ। सबै पाठक संग यसपत्रिकाको आलोचना गरि आगामी अंकको बारेमा सुझाव र सहयोग चाहन्छौं।

प्रेसको काममा नन्द प्रसाद अधिकारीज्यूले ज्यादै परिश्रम गरेकोमा र प्रचार मंत्री गुप्तराज शर्मा ज्यूको प्रचार र अन्य कार्य प्रति धन्यवाद नदीई रहन सक्दिन।

बुद्धिसागर जमर्कटेल	।५०	रामप्रसाद अधिकारी	५।
कृष्णप्रसाद	।५०	जगत् बहादुर	५।
स्थाननाथ शर्मा न्यौ०	।५०	कर्ण बहादुर	२।
परशुराम कोइराला	१।	टेक बहादुर	२।
विष्णुप्रसाद त्रिपाठी	१।	भागीरथी	१।
धर्मदत्त न्यौपाने	१।	वेणीराम	२।
भरतमणि सुवेदी	।५०	नारन्दत्त	१।
भद्रकृष्ण सुवेदी	।५०	जयनारायण	१।
	५२।५० ने०	नर बहादुर खत्री	१।

आय		व्यय	
कविता शुल्कबाट उठेको	१६०।	लेटर प्याडमा खर्च भएको	९।
चन्दाबाट उठेको ने. भा. गरेर भा. रु.	८९।३५	टाइप आदिमा	५।२५
सदस्यता शुल्कबाट उठेको भा.	२९।१५	पत्र व्यवहार	३।५०
साहित्य गोष्ठीको लागी उठेको	२५।८०	फुटकर खर्च	२।३७
पत्रिकाहरू बिक्री को	४२।	पत्रिका छपाई	३०५।
		ब्लाक	८।९०
		सा० गो० मा	२१।
	३४६।३०		३५५।०२

एम् त्रि० वि० शाह

तितरी पंखी बादलुसाथी, सुनौलो साझमा ।
बगेको खोला कल-कल गरी, जुनिलो रातमा ॥
यता र उती हरियो डांडा निर्मल झरना ।
रूपौलो रंग टाकुरो उच्चा, क्या राम्रो हिमालमा ॥
गोरेटो रातो माटोको राम्रो उकाली थलिमा ।
वराली त्यस्तै बाटोको ढुंगा, झल्केको घाममा ॥
कहीं छ सेतो, कहीं छ रातो पोतेको घरैमा ।
गाई र भैंसी बांधेको वारी हरियो पहाडमा ॥
थाल्लोमा नाम्लो पीठमा डोको बोकेको मर्दाना ।
आंखामा गाजाल कोरेकी मात्र पवित्र जनाना ॥
हिमाली हावा संगलो पानी, मलिलो माटोमा ।
हुर्केकी नानो, हुर्केको ठिटो निरोगी माटोमा ॥
न जाल-झेल, न रीस-इबी जानेको पहाडमा ।
उडेकी चरी सरी छ सारा, रमेको पहाडमा ॥

"उसैको लागी" बाट

बत्ती बलेकै छ

धर्मराज थापा

सुन हे मेरा सुन्दर फूल! पाहाडी छहरा।
तिमीले कैल्यै देख्यौ कि कपिलवस्तुको नगरा।
कस्का हौ छोरा, कस्का हौ नाति, कस्का हौ पनाति ?
यो वाराणसी गल्लीमा हिड्छौं पुस्तक समाति।
श्री शंकरको मन्दिर भित्र गंगाको लहरमा,
बसेर कस्तो पढ्दछौं विद्या यो पुण्य वगरमा।
पच्चिससय वर्षको यौटा कहानी थाहा छ ?
नेपाल भित्र कपिलवस्तु लुकेको जहाँ छ।
बिहानी घाम्मा फुलेको फूल साँझमा नझरी,
विश्वमा फुल्दै झुलेर गयो सुगन्ध बटुली !
सुनका मूर्ति कुँदन थाले सहस्रौं हातले,
गौतमलाई जगाइ दिए जुनेली रातले !
धर्तीको मुनी महल टुटे फुटेको देखिन्छ,
एउटा बत्ती निस्केको ठाउँ हेर तैं भेटिन्छ।
बत्तीले भन्छ किरण फ्याँक्तै पृथिवी तताई,
त्यै बेला देखि बल्दछु यहाँ नेपाली जगाई।
बादलकालो रिसाई भन्छ खोज्दछु गोला बम,

शान्तिको बत्ती निभाइ दिन्छु भन्दछ नराधम्।

अशान्ति बादल गर्जन् थाल्छ पाहाडी कुनामा,
सुन्दर बत्ती अखण्ड बल्छ नेपाली डुनामा।
युद्धको बाजा डरलाग्दो गरी कानमा घन्कन्छ,
पीपलको फेद मन्तिर दिव्य ज्योति पो चम्कन्छ।
ज्योतिको लप्का विश्वको शान्ति हृदय बन्दछ,
"आफ्नो निम्ति आफू नै शरण बन" हे भन्दछ।
तिमीले आज पढेको विद्या विश्वको लागिछ,
मागेर ज्यान पालेर पढि रहेको भाइछ।
गयामा यौटा छुलेको बुद्ध देखिन्छ पीपल,
नेपाल देखि ओर्लेको होन्यो, शान्तिको शीतल!
मलाई बिर्स भनेर तिमी नेपाल भुलेर,
नवसे सँधै संझेर आए उकालो उक्लेर!
हातमा शक्ति लिएर आए हाल्ने छौं अँगालो,
मुटुको रगत दिने छौं तेल बत्तीको उज्यालो!

भानुभक्ताऽर्चना

ले० बोधराज काफ्ले
पू० ३ नं० सुम्नाम खुरहरी

राखेथ्यौ बिरुवा नयाँ प्रकृतिको पाएर त्यो प्रेरणा।
[राम्रा अक्षर राम-शब्द] रसिलो त्यो फूलको बीजन॥
लाग्दो पोष समीर मन्द चलदा निस्के हजारौं टुसा।
झयाङ्गीएर फुले बढे सलसली नेपाल भो उर्वरा॥
हाँस्योक्यै हिम-शैल त्यो बखतमा हर्षाश्रु झर्ना झरै।
खोलि नेत्र सबै चरा र विचरा माङ्गल्य गाना गरे॥
हीरा औ सुनको चढेर रथमा आइन् पिपारी उषा।
गुच्छा छोडि उडे सुरम्य पुतली चाली पखेटा पुसा॥
छायो स्वर्णिम तेजले अलिकता 'हे राम !, गाए उता।
हाँसेचन्द्र प्रसन्न चित्त धरदै पीयूष वर्षे यता॥
देख्दैछौं अति रम्य नव्य सुषमा साहित्यको मन्दिर।
भो निर्माण कला अहा ! प्रकृतिको तस्वीर झैं सुन्दर॥
वेली औ हसिना र चाँदक अरू लाली गुरास आदिले।
'हाम्रा भानु, भनेर अर्पण गरे सद्भक्ति वाँ प्रेमले॥
पैह्राए स्रज भेटि काव्य कविता हाँस्यौ तिमी स्वर्गमः।
शान्ति श्री वरणा गरे सुरपुरे ! साहित्यको मार्गमा॥
मेरो तक्दिरले गरीब म भएँ केले गरौं अर्चना।
रित्तो हात लिएर आइ म पुगें त्यै भव्य मन्दिरमा॥
अर्को क्यै विधि छैन बालक भएँ ह्यैला खुसी केगरी ?
फुकौंला म सदा तथापि मधुरो - साहित्यको बाँसुरी॥

भानु प्रभा

युद्धप्रसाद मिश्र

भानु, तिमी उदाई साहित्यका दिशामा।
प्राची किरण फुटायौ नेपालीका निशामा॥
स्वच्छन्द स्रोत कविता धाराहरू रसाई।
मानो सुती रहेकालाई दियौ जगाई॥

(१)

छाप्रा तथा महलमा तिम्रा शिलोक गाई।
संदेश एकताको दिन्छन् सदा वगाई॥
साहित्यका सुधामा मनका व्यथा धुंदै छन्।
मानिसका अगाडी मानीस झैं हुदै छन्॥

(२)

तिम्रो ठुलो छ सेवा प्यारो स्वदेश माथी।
यस्तै महानताको उद्देश्यलाई राखि॥
उद्यत छु तोडनलाई मथका जघन्य बन्धन।
पाएर भावनाका तिमिबाट नै प्रकम्पन॥

(३)

कीर्ति छ नित्त्य रहने छिनको छ जिन्दगानी।
सिद्धान्तलाई तिम्रा मन भित्र सत्य ठानी॥
मानीसका रगतको महिमा अनन्यजानी।

गर्नुछ लेखनीले असमानता खरानी॥

शरद-ऋतु

देवराज शर्मा सुवेदी 'हंसपुर'

कालो घुंटो गगन बिचको मेघ टाढा हटाई ।
शोभा राम्रो शरद अब फोहोर फाली उदाई ॥
सर्दी मैना समय उहि प्रात काली सुनौला ।
सारा पक्षी कलरव गरे चिर्र फेरी जुरेला ॥

(१)

चौभे फेरी पवन रासिलो शीतको सार पाई ।
चर्को स्वर्लै पर पर गरी चल्छ पुच्छर्नचाई ॥
पाकी मीठा फल फूलहरूले झुकँदावृक्ष नेर ।
खाई खेली रङ्ग बिरङ्का पक्षिको पुञ्ज घेर ॥

(२)

टाढा बित्ने सरस मधु मास चित्तले सँझनाले ।
छोडी निन्द्रा भुनुभुनु गरी भूमरा डुल्न थाले॥
चोरीएको धन सरिगरि लोभमा लोभिएर ।
झारी केश्रा निरस फुलमा चुस्न थाले बसेर ॥

(३)

प्यारा स्याना तनय-मुखमा प्रेम म्वाई लिएर ।
दैलो पोती हत पत गरी पानि ल्याउँ भनेर ॥
पानी भर्नै वदन हँसिला सुन्दरीको जमात ।
गाना गाई स्वरअति सुरिलो बितीजाने थकाट ॥

(४)

डोकेगाम्री शिर विच कडा नामलो माथीं राखी ।
वोकी पीठ्मा हिडन सजिलो लाम्रुठाडो उकाली ।।
हाँसो गर्नै रङ विरङ्का व्यङ्ग खिस्सा झिकेर ।
भारी वोकेपनि किन ! उही जीवनी हो भनेर ।।

(५)

दँशै हाम्रो चह चह गरी पीङ्मा झुंमिएका ।
खाई पीई शिशुजन सवै खेलमा तंसिएका ।।
पैरी पाती सहित जमरा माथ माथीअनेक्का ।
बुढा पाका सव जन भए वैर भावै मिटेका ।। ६ ।।

(६)

सारै राम्रो झलमल झरद् चाड हो दीप माला ।
गाई भैंसीहरू चउरामा हिडदछन वोकि माला ।।
पाकी पीला फसल हरूले खेत सारै उज्वाला ।
सारा थाले सरल कपडा हेर्ने पैरी सुनैं ला ।। ७ ।।

भय

ले० भीमनिधि तिवारी

'हाउगुजी' सित बालक डराउँछन जसको अस्तित्व छैन ।
'कानेगुजी' आँफैंसित छ तैपनि उ तर्सिं दैन ॥
पंच महाभूतको यो देह एक भूत सित के भय ।
भय मुटुको कम जोरीले उत्पन्न हुने संशय ॥
संकल्पबाट पैदा भएको यो मिथ्या भास हो ।
विरालो ख्याक रज्जुसर्प निरर्थकको भास हो ॥
सपनाको नङ्गे भालू विपनामा आउन सकूला ?
भ्रान्तिको नै पर्याय भय हो त्यो थोतेले के टोक्ला ॥
ठूलो भय के हो ? जान ए डरपोक अजान ।
अनिकाल अशिक्षा अराजकता गुणिजनमा अपमान ॥

रामायण प्रशंसा

ले० पं० लेखनाथ पराजुली 'सल्यान'

अति सरल रसीला रासलीला भरेका।
सवरस जसमा छन् वीरले वेह्रिएका ॥
गुण गण सबनै छन् मुख्यता छ प्रसाद।
रसरस उपयोगी वर्णको चित्रता छ ॥
विविधरुचिर भूषा शब्दका अर्थका छन्।
वचन पनि त जस्मा खास नेपालकै हुन् ॥
अनुगति गरदामा यत्न गर्नै नपर्ने।
नत कहिं बुझदामा भाव मुस्किल पर्ने ॥
कहिं कहिं त गहीरै जाह्नवी तुल्य भाव।
कहिं कहिं त कुटीला लक्षणको प्रभाव ॥
विविध रुचिर वृत्तव्यूहले यो सुवद्ध।
कविपरिदृढ भानूभक्तको काव्य रूप ॥
नटन भवन देखी हर्षले शारदाजी।
अभिनय गरी धेरै गाउँछिन् रामकीर्ति ॥
सुजनगणहरू ती ज्यादिनै दङ्ग पर्छन्।
रघुवर वर लीलारूप पीयूष प्यूँछन् ॥
पीक वचन कठोरै [illegible] घेरै।
शशधर पनि वन्छन् क्षिह्लले तो अँधेरै ॥

सुरतरु पनि तुच्छो बन्छ जस्का अगाडी ।
कथन गरन यस्को शक्छको सुप्रभावी ॥
तनहुँ चुँदी निवासी शीघ्र पद्य प्रकाशी ।
गुरु गुण गगराशि रामलीला विकाशी ॥
कवि परिदृढ भानूभक्तका काव्यवाट ।
रघुपति गुणचर्चा गर्छ यो लेखनाथ ॥



समुदित-भानूदय

स्वामी रमेशानन्द–भलांमे

विश्वव्यापी अन्धकार
फूट रूपी चक्रधार
काट्दै, फाँड्दै
नेपालीहरूको हृदया चलमा
समुदित यो "भानूदय"
विश्व युद्धको ज्वालो
सर्व व्यापी यो कालो
तोड्दै, फाल्दै
वीरहरूको हृदया चलमा
समुदित यो "भानूदय"
सह अस्तित्वको साकार
सहिष्णुताको उपहार
लींदै, दींदै
शौर्य गर्वितको हृदयाचलमा
समुदित यो "भानूदय"

अज्ञानताको तिमीर

"आलस्यताको पासर
शोषणताको अन्त
फोर्दै, छोड्दै
शिक्षा प्रेमीको हृदयाचलमा
समुदित यो "भानूदय"
छल-घमण्डताको प्रतिकार
उच्च विचारको आविष्कार
गर्दै, रच्दै
विश्व विजयीको हृदयाचलमा
समुदित यो "भानूदय"

फेरि पनि भानु-उदय

डिल्लीराम तिमल्सिना

अनुभवका तीखा सिरुपाते सम्झनाले
मुटुसा च्वास्स पारे–'भानु उदय' मा केही लेख्न सोच्ता
फेरि पनि भानु-उदय ?
भानु उदाउँछ अस्ताउन कि
अस्ताउँछ उदाउन ?
यद्यपि यो पुरानै जिज्ञासा हो
के भानु उदयभन्दा पहिले पनि
संसारमा ज्योतिको सत्त्व थियो ?
तर्क लामूछ
'नासीत्तमो ज्योतिरभून्न चान्यत् ।'
अन्धकारै नभए ज्योतिको के आवश्यकता ?
मैले बुझें
तर विपक्षीकै मतमा मात्र भर पर्ने त ?
ज्योति, अन्धकार नभए पनि शून्यता थियो नि
सबैको अभावरूप
शून्यलाई प्रकाश दिने पनि ता भानु होइन

थसले ता वस्तु चिनाउँछ, शून्य होइन

जे भए पनि भानु उदयमा
दैवी बल बढ्छ, आसुरी शक्ति घट्छ
जुनकिरी लुक्छन्, बत्ती टिमटिमाउँछन्
आँखा तिर्मिराउँछन्
चेतनामा सजीवता भरिन्छ
बाट उज्यालिन्छ
जिउँदो शक्तिले विश्व कसिन्छ
भानु उदयले नयाँ सन्देश सुनाउँछ
'उत्तिष्ठत जाग्रत प्राप्य वरान्निबोधत ।'
यसै प्रेरणाले तन्द्रावस्था त्यागेर
लर्खराउदै उठेका रहेछन् क्यार
उत्थान कालको प्रतिनिधित्व गर्न तम्सिएका भानु
यसै केन्द्र विन्दुमा ता बाँधिएको
हुनुपर्नें होनि यसको छानु
किनभने भानु नै हुन्
'भानु उदय' को रानु ।



छात्रप्रति

तारानाथ सर्मा, काठमांडौं

विद्यार्थी हुन् लड़ाकू प्रगति-पथका सर्वदा अग्रगामी,
राँको बालेर हिंड्छन् तम सकलको पार्न सारा खरानी।
आयो आयो उज्यालो युग जगतमा जाग विद्यार्थी सारा!
भोरोक्को भो अँध्यारो रंग सब च्चु! रातो बह्यो रक्त-धारा!!

धेरै यो विश्वमा देशहरू रगतको छालमा पौड़ि खेले,
नागाशाकी रुवाई अणु प्रवल हीरोशिमामा उगेले!
सारा विद्यार्थी मारे, सकल जनको रक्त पीए-डकारे,
चुत्थो साम्राज्यवादी जग अनि त बस्यो, सत्य स्वातन्त्र्य मारे।

विद्यार्थी जाग्न थाले विविध स्थलमा ध्वस्त साम्राज्य पार्न।
सारा लागे पछाड़ि अनि सब जुटे 'साम्य पारौं, प्रचार्न।
जोत्ने-खन्ने छ अर्कै तर पनि छ यहाँ अन्न अर्कै थुपार्ने,
तातो रातो पसीना रगत घुट पिई कष्ट मान्दा हकार्ने—
सामन्ती कुव्यवस्था कति दिन यहाँ चल्न सक्ला र भाइ?
डट्नेछन् क्रान्तिमा यी सब मन दिई एक भै जुध्नलाई।
विद्यार्थीले यहाँ हो, सब सँग-मिली कार्य्य गर्नू छ धेर—
हाम्रो पृथ्वी सपारी ग्रहहरू उँभो चाल्न भो लौ अबेर।
जागौं जागौं र जागौं अब अति छिटो ... डाकौं!
सामन्तीमाथि आगो चबटचट गर्दै व्यवस्था हुँड़ेलौं!!

पृथ्वी फोरौं नदी यो सकल जनले पेटमा भर्न अन्न!
पाउन्नन्—साम्य चाला यदि भुवनमा 'राम्ररी बाँच्नु' भन्न।

'मृत्यूपश्चात् छ ठूलो नभपरि उता स्वर्ग भन्ने उज्यालो,
त्यस्को भोगी बनौंला, सहुँ यस जुनिमा नर्क चुत्थो अँध्यारो!'
यस्तो मान्ने-प्रचार्ने जति पनि यहाँ दुष्ट छन् लेख्नु पारौं,
बाटो साँचो बताई प्रगतितिर को न्यूनता झट्ट टारौं।
मान्छेको रक्त खाने अणुहरु यहाँ फोर्छ जो दुष्ट त्यो हो!
विद्यार्थीले बुझाऔं सरल जनमा—शत्रु को, मित्र को हो!
सारा संसार हल्लोस्, प्रलय अणु रचोस्, अनि ज्वाला फुटाओस्,
लाखौं बाला र वृद्धा, नरहरु सबैको कुहत्या मचाओस्!
विद्यार्थी हाँसी हाँसी अघि सरि सधैं सामना गर्छ बाधा,
शान्तिको बाँधि पेटी जन-बल सबै एक पार्ने इरादा!
शिक्षाको क्षेत्रलाई बहुत चहकिलो पार्न उ गर्छ क्रान्ति!
तत्पश्चात्को उज्यालो सकल जनमा छाउला विश्व-शान्ति !!!

नेपाल र नेपालको संस्कृति

शेषराज शर्मा

संसारमा परम सार स्वतन्त्र देश,
नेपाल नै गुणविशाल छ रम्यवेश।
देख्छौं यहीं प्रकृतिको कमनीय कान्ति,
जस्ले प्रकाशित गराउँछ दिव्य शान्ति ॥ १ ॥
याहीं गरिन्छ निगमाऽऽगमदृष्टधर्म,
याहीं छ रक्षित सनातन आर्य धर्म।
गुह्येश्वरी, पशुपति प्रभुको निवास,
यै देशको छ भवमा शमको प्रकाश ॥ २ ॥
उत्थान औ पतनको क्रमको अधीन,
छन् वस्तुसंहति पुरातन औ नवीन।
मध्याह्नका प्रखर सूर्य हुँदा दिनान्त,
जान्छन् ति अस्तगिरि, तेज भएर शान्त ॥ ३ ॥
यो विश्वमा विविध संस्कृतिको प्रकाश,
गर्दै छ उज्ज्वल सदा भुवनाऽवकाश।
तिन्मा पनि कति भए इतिहास शेष,
बाँकी रहेन तिनको अब केहि लेश ॥ ४ ॥
यूनान, मिश्र अनि रोम अनेक देश,

जिन्का भए प्रथित संस्कृति नाम शेष।

"यिन्कै मिलेर अति उज्ज्वल ज्ञानलेश,
ऐले अनेक नव राष्ट्र भए विशेष ॥ ५ ॥
वर्णाश्रम-स्थिति-सुपालनमा अनन्य
यो आर्यसंस्कृति अनादि छ लोकधन्य।
यै विश्वमा छ अरुको उपजीव्य एक,
भोगाऽपवर्ग-पदमा गरने विवेक ॥ ६ ॥

यस्कै समुन्नति र रक्षणको निमित्त,
भोगेर कष्ट अति, भैकन एकचित्त।
"पृथ्वी" "प्रताप" र "बहादुर" "भानुभक्त"॥
पार्दाभए सकललाइ गुणाऽनुरक्त ॥ ७ ॥
नीतिज्ञ "भीम" "बलभद्र" उदार धीर,
वीराग्रणी "अमर" आदि अनेक वीर।
यै आर्यसंस्कृति बचाउनको निमित्त,
गर्दाभए अनुपमान अनेक कृत्य ॥ ८ ॥
यो आर्यसंस्कृति बचाउनलाइ ढाल,
वर्णाश्रमस्थिति छ सद्गुणले विशाल।
नेपालमै छ यसको शुभ सन्निवेश,
शास्त्रीय-कृत्य-परिपालनले विशेष ॥ ९ ॥



हाम्रो पनि कविता हुन्छ

काली प्रसाद रिजाल

कविता पात फुलमा लेखिन्छन्
कल्पना आकाश तारामा हुन्छन्
धर्धरी रोएको झुम्राले भन्छ
अनि पट्पटी फुटेको बाँझाले भन्छ
कविजी ! हाम्रो पनि कविता हुन्छ

ठुला बडाका कथा कथिन्छन्
जय जय गान कविता बन्छन्
अनि विधवाको आँखाले भन्छ
पिछडिएको समाज कहन्छ
कविजी ! हाम्रो पनि कविता हुन्छ

पुराण कथामा महाकाव्य छन्
रक् एन्ड रोलमा गीत बन्छन्
अनि सन्तेको जीवनले गुन्छ
मादलले रोएर भन्छ
कविजी ! हाम्रो पनि कविता हुन्छ

बुझिनसक्नु शब्द भरेर
संस्कृतका कृति निचोरेर
नेपाली कविता जब बन्छन्
अनि लोकशब्द धकुमारी सोध्छ
कविजी ! हाम्रो पनि कविता हुन्छ

उसलाई घृणा नगर

तीर्थराज सुवेदी 'हंसपुर' पोखरा

जस्तै तत्वहरु मिलेर भवमा तिम्रो भयो जीवन ।
उस्तै तत्व ती हाड्र मासु र नशा मिली बन्यो त्यो जन ॥
प्रादुर्भूत महा जसोरी जननी आनन्दमा मग्न थिन् ।
उस्तै त्योजन निःस्वदेह बिचमा आनन्द छाए हुनन् ॥
बढ्दै चन्द्र समान बान्धवमहाँ आनन्द भर्दै गयो ।
ठाने हुन् उसका पिता भवमहाँ उद्योग गर्ने छ यो ॥
बिचैमा भइदैव निष्ठुर हरे ! उद्यानको पालुवा ।
नाश्यो बर्षण पारी ती करकले गिन्यो उसै भूमिमा ॥
छाडी त्यो शिशु मातृ पितृ जननी अज्ञातमा नै पुगे ।
सामन्ती अनि जालिले निखिल त्यो सर्वस्व उन्को लुटे ॥
हुन्छन् बान्धव हेर आढ्यजनका को नीचमा हेर्दछ ?
सानो वत्ति सखा भए पनि हरे ? त्यो वायुले झार्दछ ॥
निस्कन्थे कति चित्तमा शिव हरे ! उत्साहका छाल ती ।
उद्योगी बनि दाजुभाइ सबको सेवा गरौंला भनी ॥
हाम्रै कुव्यवहार युक्त जनको सामाजिकी खेलले ।
भो त्यो दीन र हीन जो मलिनको निराश्रयी जोरले ॥
साथी त्यो उही ईश्वरीय जन हो त्यो शक्तिले पूर्ण छ ।
जस्तो बुद्ध र पृथ्वी थे उसमहाँ त्यो शक्ति सामर्थ्य छ ॥
खाली फुल्न र फल्न प्राप्त नहुँदा दुर्भाग्यले त्यो दशा ।
पाल्यो साथी सहानुभूति [illegible] लिनी यौ घृणा नगरी अब ॥

सल्लाह

खेमराज शर्मा (पौदी)

छोडेर द्वेष उठ बन्धु खुशी बनेर
कर्तव्य मार्गतिर जाऊँ सबै मिलेर
सोचेर साहस धरौं अति फूर्ति साथ
जानेर जाऊँ सबतर्फ मिलाई हात
त्यागी कुकर्म जति छन् मिलि हामी साथ
तोडी सबै कुजनको मदयुक्त माथ
बालेर दीप झल-मल्ल गरौं प्रकाश
नेपाल देशभरि पूर्ण गरौं विकाश
भोका गरीबहरूमा दिई काम काज
शिक्षा दिएर परिपूर्ण गरौं समाज
नारा लिई अघि बढौं 'जन एकताको'
सारा समाज यसबाट बनोस् फूलेको
आनन्द मोज सब छाडी धरेर धैर्य
निर्भीक भै अघि बढौं अब धीरवीर
नेपाल हुन्छ यसबाट अति प्रकाश
सल्लाह यो छ प्रिय बन्धु हिडौं मिलेर

उद्योगी नेपाली

प्रेमनाथ सुवेदी

प० ३ नं० दागसी मराङ

साहसी नेपाली भाइ कालो टोपी कम्मरमा खुकुरी
लडाइँमा राइफल भिरी अघि-अघि बढ्ने।
विदेशीको दुःख हरी शान राख्न खोज्ने
अन्याय र अत्याचार हटाएर सब
देशको गौरव राख्नलाई दिन्छन् तन-मन। साहसी०
दुष्ट जनको पञ्जावट मुक्त गरी देश
विदेशीको आशालाई तिनले गरे अन्त
शत्रुमाथि जाइलाग्न अघि सरे तिनी
मातृभूमि नेपालको शान राख्ने यिनी। साहसी०
स्वदेशको सुख छाडी अलमल भई
विदेशमा काम गरी नाना दुःख सही
जहानको पोषणमा भाँडा मोलीकन
आँखाभरि आँशु छन रोइरहन्छ मन। साहसी०

म मेरो स्वाभाविकताको देशबाट निर्वासित छु

वासु शशी

म मेरो स्वाभाविकताको देशबाट निर्वासित छु
निर्वासित छु आफ्ना इच्छाका देशबाट
मानो एउटा वसन्त निर्वासित छ वन-बगैंचाबाट
निर्वासित छ एउटा चन्द्रमा आकाशबाट
एउटा नदी छ, पानी पनि छ
तर त्यसको प्रवाहलाई कसैले लुटेर लिएको छ
एउटा बिरुवा छ, हाँगाहरू पनि छन्
तर त्यसमा फूलहरू फुल्न दिइन्न,
मेरा आँखाहरू खुल्छन्
किन्तु म हेर्नु र देख्नुदेखि वन्चित छु
मेरा खुट्टाहरू चल्छन्
किन्तु म जानु र पुग्नुदेखि वन्चित छु
वन्चित छ मेरो मस्तिष्क मेरा कुरा सोच्नुबाट
मेरो मन वन्चित छ मेरा आशाहरूबाट
वन्चित छ मेरो जीउ मेरो जिन्दगी बाँच्नुबाट
एउटा बत्ती वन्चित छ उज्यालो हुनुबाट
ए मलाई सुन्ने कानहरू बन्द होओ
म दाता दिदै छु, गाउँदै छुइनँ
भोळी विहान पनि मलाई नपर्खे—

मैले स्तुति गाउन पर्ने छ, भैरवी होइन।
एउटा निर्वासन शिकार खेल्दछ मेरो
आखेट युगका दुङ्गाभन्दा कड़ी फाइलहरूले हान्दै
मेरो छायाँले भन्दा बढ़ता लखेट्दै।
म एउटा अँध्यारो नगरीमा भट्किरहेछु
सास फेर्न पर्नुले छट्पटाएर।
मुटुले ढुकढुकाउन नछाड्नुले आतंकित भएर
मानो म एउटा पेट हूँ, पेट मात्रै हूँ
पेट, जो एकजना मान्छे खाइरहेछ,
पेट, जो मलाई घिचिरहेछ
एउटा छोड्वा गाईले सिधेनूनको ढीकोजस्तै
पक्षाघातले एउटा अङ्ग भेट्टाएजस्तै
अहो !! यो शिशरले हरियालीलाई चाटेर लैजानु कति व्यर्थ
जन्मँदै नजन्मनुभन्दा व्यर्थ
यही व्यर्थताको बोध मलाई भन्दछ
म मेरो हातखुट्टाबाट निर्वासित छु
मेरो शरीरबाट निर्वासित छु
निर्वासित छु आफूबाट
सब जनाबाट, सबथोकबाट
मानो एउटा मुर्दा ज्यानबाट निर्वासित छ
मानो एउटा मुर्दा आफ्नो हुनु र नहुनुबाट निर्वासित छ

नेपालीको टुपी बिक्यो बरिलै

लें० कृष्ण मुरारी खनाल, फल्याङ्गेट

दउरा सुर्वाल कम्बरमा पेटी
इष्टकोट शिरमा नेपाली टोपी
हातमा औंठी नेपाली जुता
यी सबै भए यता न उता
फेसनले सीमा नाघ्यो बरिलै

जनना लाउने किलिप काँटा
नाइलन्को सारी बढाइ ढाँचाँ
मुखमा लाली शिरमा जाली
चप्पलमाथि पैताला राखी
फेसनले सीमा नाघ्यो बरिलै

गलामा टाइ हातमा घड़ी
हिंडे ती ठीटा साइकल चढी
क्यास्टन चुरोट च्यापेर मुखमा
क्रिम पाउडर लगाई मुखमा
फेसनले सीमा नाघ्यो बरिलै

आमदानी छैन पचास पैसा
भन्दछन् अझै ऐसा र तैसा
देशको स्थिति बुझने होइनन्
आफू र देशलाई ती धोका दिन्छन्

फेसनले सीमा नाघ्यो बरिलै

स्त्रीलाई भन्छन् कुन लाउछयौं सारी
नपुगेदेखि बेचौंला बारी
भनेर पति आदेश दिन्छन्
पसल गई नाइलन किन्छन्
फेशनले सीमा नाघ्यो बरिलै

नेपाली चाल चलैंना अब
स्वदेशी माल धरौंन सब
विदेशी माल छोडौंन दाजु
यी सबै ढाँचा हटाउन दाजु
नेपालीको टुपी बिक्यो बरिलै

उद्योगतिर वढौंन हामी
नेपाललाई वनाऔं नामी
स्वदेशी माल तैयार पारी
जनना लाउन् स्वदेशी सारी
नेपालीको टुपी बिक्यो बरिलै

के म यस्तो हूँ

राम प्रसाद उपाध्याय अधिकारी
प ३ नं० तनहूँ तारूका

मेरो सीमाना अद्भुत सौन्दर्यको
अझ मेरो किरण एक भानु यही विश्वमा
मेरो सत्यताले तेरो सेखीको वदला गर्छ
तेरो अधः पतन ! मेरो अतुलनीय समदर्शी
धन्य...मेरो स्वाभिमान तँमा उठाउँछु त्यही न्यायको खोजिमा
लौ !
त्यही समता, त्यही अगम , त्यही अपार त्यही सत्य...
कलुषितपनाको धमिलो छु म नाशक—
तेरो उद्दण्ड अहंकारको
अनी असमता महा...
ढुङ्गा जलाएर खरानी पार्छु
डल्ला फोरेर पत्थर कैचीले मुढो काट्छु...
तेरो विभव—निराश्रयीको आर्तनाद,
मेरो छ आनन्द जीवन
कस्तो तेरो निर्दयीपन !
हा ! छैन... !
हूँ मदलोभको एक नीच मूर्ति भण्डार छ मेरो सुख
तेरो त्यो कपट रहन्छ सदा त्यही पाना
छैनस् तं अपराध द्वेषी हुन्छु म सदा तेरो ताजमा
बस्छु स्वर्गीय सुखमा के म यस्तो हैन त हूँ ?

हिम्मत् हार्नें हैन छोरो भएर

डा० गोविन्द कविराज

जस्तै सन्ध्यावाद देख्छौं सवेर जाँदा रात्री सूर्यको राज्य घेर ॥
त्यस्तै फेरि चैन वर्षन्छ हेर हिम्मत हार्नें हैन छोरो भएर ॥ १ ॥
देखेकै छौ घोर वर्षा बितेर आएको त्यो सत् शरद् खुब् डटेर ॥
जाँदा जाडो चैन वासन्त घेर हिम्मत हार्नें हैन छोरो भएर ॥ २ ॥
ग्रीष्माक्रान्त-प्राणिको दर्द मेट्छ आई वर्षा सालसालै तुरून्त ॥
यस्तै आफ्नू जीवनो सम्झिएर हिम्मत् हार्नें हैन छोरो भएर ॥ ३ ॥
कोही मैका इन्द्र स्वर्गाधिराज जस्ता माथी कष्ट वर्षे विशाल ॥
फर्क्यो फेरी भाग्य यस्तो वुझेर हिम्मत् हार्नें हैन छोरो भएर ॥ ४ ॥
कोही वेला ग्रस्तचन्द्रादि बन्छन् हेर्दा हेर्दै फेरि छर्लङ्ग हुन्छन् ॥
त्यस्तै हाम्रा विघ्नवाधा वुझेर हिम्मत हार्नें हैन छोरो भएर ॥ ५ ॥
खेला वेला आउँदा आँधि घोर हाहा मच्ची हुन्छ कस्तो कठोर ॥
फेरी अह्ली वेरमा स्याम्म हेर हिम्मत हार्नें हैन छोरो भएर ॥ ६ ॥
भूईंचालो आइ विध्वंस पारी जाँदा कस्तो कष्ट वर्षन्छ भारी ॥
जस्तातस्तै फेरि भैहाल्छ हेर हिम्मत् हार्नें हैन छोरो भएर ॥ ७ ॥
पानी वर्षी वाढी पैरो चलेर चिल्ली विल्ली पार्छ कस्तो गरेर ॥
फेरी सारा त्यो वनी हाल्छ हेर हिम्मत हार्नें हैन छोरो भएर ॥ ८ ॥
क्रान्तिज्वाला देशमा फैलिएर हाहा पार्दा हुन्छ कस्तो कठोर ॥
उस्तै फेरी शान्त भै हाल्छ हेर हिम्मत् हार्नें हैन छोरो भएर ॥ ९ ॥
आगलागी भै गोठ गाउँ पुरादि डड्दा हाहाकार कत्रो फसादै ॥
देखेकैछौ ती गए सुध्रिएर हिम्मत हार्नें हैन छोरो भएर ॥ १० ॥

कुखुरीकाँको स्पन्दन गीत गाइयौ उठेर,

खगराज शर्मा "दीपक" सल्यान

क्या राम्रो हिमाल कीखमा नेपाल उत्तर झलल ।
सनसनी हावा मेची र काली भोका सलल ॥
शिरिरी गरी योबायु चल्छ यो अग्ला पहाड़मा ।
यो वायु घुम्दा कोकिल गाउँछन् जुनेली रातमा ॥
झरना घुम्छन् यता र उता सुन्दर गानामा ।
यौवन पूर्ण गराई हाँस्छन् मधुर तानामा ॥
योभन्दा सुन्दर योभन्दा विशाल क्यै पनि देखिन्न ।
यी भोका काखमा हुर्केका युवक क्यै गरी मर्दैनन् ॥
वृष्टिको झरझर हिउँको फरफर पहाड़मा हूरुरु ।
यो शोभा देख्दा कल्पना उड्छ हावामा फुरुरु ॥
मानवी क्षेत्र रसिलो हुन्छ हिउँको कणले ।
सुतेको मानव जागृत हुन्छन् नवीन गानाले ॥
हिमालको काखमा नेपाल राज्य विश्वमा बेजोड ।
वढाउदै शान्ति जागृत पाठ पढाउदै अनन्त ॥
समान स्वत्व राखेर, विश्व-बन्धुत्व लिएर ।
बढ्नेछ, बढ्यो, लौ अघि बढ्यो, टाठा हौ दिगन्त ॥
डाँडा र काँडा यता र उता भानुको ज्योतिले ।
झलल पार्यो देशमा हाम्रो हिरा र मोतीले ॥
पर्वतराज दृढतासाथ विहान कुर्लेर ।
कुखुरीकाँको स्पन्दनगीत गाइयौ उठेर ॥

युग परिवर्तन

/आचार्य—राधाकृष्ण शर्मा अधिकारी

प० ३ नं० लमजुङ् गोर्जे

न त छन् अघिका समाजका
नियमित्कार्यकलाप सम्झँदा ॥
युगले बदला लियो अब
क्षणमा नै विपरीत छन् सब ॥ १ ॥
न त आज पराइ टस्मस
सहने मानिस कोहि मिल्दछ ॥
निज गौरवता बढाउने
तिरनै मस्त समस्त लोक छ ॥ २ ॥
अघि वा पछि वा कुनै कुरा
हुन जाउन् सहसा नसम्झँदा ॥
परिआउँछ जे उसै घरी
गरने भो युगको समुन्नति ॥ ३ ॥
जनता भरिए जतातै
अब पेटै भरनु छ दुर्लभ ॥
कसरी अरू धर्म कर्ममा
दिइ टायम् हुनु पुण्यशीलन ॥ ४ ॥
मुखका सुखका कुरा गरी
सब धर्मिष्ठ स्वयं बनी वरी ॥

अरूमा अपहेलना भरी
भँडुवा मात्र भए सबै थरी ॥ ५ ॥
मनुका ऋषिका प्रशस्त ती
लिइ वाक्यामृत धर्मसन्तति ॥
बढने र बढाउने कुन
जन मिल्ला गरि धर्म पालन ॥ ६ ॥
न त धर्म फुलेर फल्दछ
न त पाकेर गलक पर्दछ ॥
तब मानव मान्नु के गरी
नभई सामु पत्यार बेसरी ॥ ७ ॥
जब आदि पुराण कालका ऋषिमा नै मतभेद चिन्तना ॥
अवलोकन शास्त्रको हुँदा अनि पाइन्छ प्रशस्तमात्रमा ॥ ८ ॥
तब कुन् ऋषिका नियामक थरिका पद्धति मानिनु अब ॥
जनता अलमल्लमा पर्‍यो जब यो शास्त्र विवाद झन् बढ्यो ॥ ८ ॥
लिनु मार्ग ठुला भला महान् हरूले सेवन गर्दछन् जउन् ॥
भनिने उपदेश वाक्य नै अब आस्था हुनगो विधानमै ॥ १० ॥

हिमालप्रति

भद्र कृष्णशर्मा सुवेदी हंसपुर 'पोखरा'

हिमाल तेरो काखमा बस्छ यो राम्रो नेपाल
उज्ज्वल यस्को छ इतिहास वर्णन असोल
नदी र नाला खहरे खोला गाउँछन् मधुर
जसको गीत उढेर जान्छ अनन्त सुदूर
संझँदो होलास् ती वलिदानी स्वदेशी सपूत्र
रोएको होलास् हे हिमराशि देखेर यो फूट ।
दवाव हत्या बढेको आज छोपेर आकाश
क्यै आशा छैन यो जिन्दगीको भैसक्यो विनाश
हिमाल तेरो सुनौला कीर्ति जगतै भरेको
बाँचेर पनि यो वीर जाति देखिन्छ दवेको
गौरवशाली राष्ट्रको झन्डा हिमालमाथि छ
अकेलै रुन्छ यो मन मेरो के भइरहेछ
कहाँ छन भन ती वीर जाति हे उच्च हिमाल !
आमाको नाक राख्नको निम्ति थाप्तछौं कपाल
धेरै नै मरे ती वीर जाति तिम्रो यो काखमा
संझँदा हौ नि मानेर दिक संसार माझमा
हिमाल तेरो विश्वको नामी नेपाल संगी छ
कुरीति हत्या हटाई देश छिटै नै वढ्नेछ
शान्तिमा प्रेम वन्धुत्व राम्रो यसले चाहन्छ
अध्यात्मवाद मनमा शोची विज्ञानमा बढ्द छ
प्रेरक तेरो शीतल शान्त आह्लादकारक
मधुर मन्द पवन पाई यो देश वढ्दोछ

सावधान

सुभद्रा देवी शर्मा

भविष्यका हौं खम्बा, ए छात्र-छात्रा हामी।
लिऔं सावधानता लौ, हडबड व्यर्थ छ जानो ॥
पैल्याऔं धीर भै कुन बाटो हो वास्तविकता।
लाई लगन हिंडौ लौ, उसमैं छ है सुविस्ता ॥
अड्नुहुँदैन थाकी, लाग्दैन क्यै थकाई।
छ सावधानताको लाठी भने त भाइ ॥
लगाउने छ पार यसले नहौं उदास।
हौं सावधानी मात्र, नलिई कुनै तरास ॥
कर्तव्यशील बनौं, आवश्यक छ आखिर।
पृथ्वी घुमी रहिछिन्, उही दिव्य पुत्र खातिर ॥
हुर्किरहेंछौं हामी, जुन काखमा रमाई।
निराश गर्न हुन्न, उस स्वच्छ आत्मलाई ॥
आत्मा अमर छ हाम्रो, यस देहसाथ अल्प।
नहोस्, रहोस् हाम्रो, शुभ चित्त कल्प-कल्प ॥
उद्धारताले धोई, यस आत्मलाई कन्चन।
पार्‍यौं भने नमैलिई, चम्कीरहन्छ हर्दम ॥
यो आशिष अमूल्य, दिन्छिन् यी हाम्री माता।
झुकेर हौं तयार, उनका अगाडि सारा ॥

मलाइ भन्यूँ लाग्छ

ले० आनन्ददेव भट्ट

जब जब मलाइ लागो लाग्छ
भन्यूँ लाग्छ—
म भरभराउँदो आगो हुँ
किनार थर्काउने अग्लो छाल हुँ
जंगल घन्काउने बाघ हुँ म
नीलो आकाशमा सललल बग्ने
पुच्छ्रे तारो हुँ।
साथै कमलको फूलले प्रियाको गालामा
फ्याट्टफ्याट्ट हिर्काउने मयालु हुँ।

(२)

जब जब मलाइ सुर चढ्छ
भन्यूँ लाग्छ—
म गंगालालको भाइ हुँ
तेन्जिङलाइ काँधमा बोकी
सगरमाथामा उभिऊँ
बुद्ध र मार्क्स लेनिनभन्दा
एक पाइलो अरु लम्कूँ।
साथै गुलाबको एउटो थुङ्गो चुँड्दै
मेरी प्रियाको चुल्ठोमा सिउरूँ।

(३)

जब जब मेरो पौरुष जाग्छ
भन्छ्यूँ लाग्छ—
म नौलो औतारी हुँ
सके, छैन होला डाँफेको भालेसित—
अरु सातैरङ थपिद्यूँ
चेतना कसरी नाच्नसक्छ
आफै नाची देखाइद्यूँ ।
साथै हुसनाको महक बनो
रातकी रानीलाइ लट्याऊँ ।

(४)

जब जब मलाइ दिन मन लाग्छ
भन्छ्यूँ लाग्छ—
म भक्ति थापाको वीर सिपाही हुँ
भियतनाम र इराकको मठ र सडकमा
प्राणको झन्डा उडाइ द्यूँ
मानवताको सुन्दर प्रभात
सबैका दैलामा ओसारूँ ।
साथै मारिनुअघिका लुवाम्बाको हाँसो मागी
मेरी प्रियाको ओठ झुल्काइद्यूँ ।

(५)

हो म मान्छे हुँ
मान्छेकै सुवास मेरो इवँ ।

१७ पुस, २०२०, धरान नेपाल

म पनि एउटा गीत गाउँछु

भानुभक्त पोखरेल

म पनि एउटा गीत गाउँछु
हाँस्नु मात्रै गीत होइन
रुनु पनि एउटा गीतै हो
खल्लो पनि हो एउटा स्वाद
लेग्रो तनाइ पनि एउटा राग
मैले पनि केही गाउनै पर्छ
अस्तित्वको यही माग छ
संसार सङ्गीत-शालामा
आ-आफ्ना पालामा
मान्छे मात्रले गाएथे
आफ्नो पालो पर्खिरहेछु
आज म गाउने ताकमा छु
म पनि एउटा गीत गाउँछु

(१)

म हुनचाहेर भएको होइन
मैले जन्मनचाहेको थिएन
म गाउनचाहेर पनि गाउन्नँ
गाउनु ता मेरो स्वभाव हो

छिजोको मेरो शून्यताको

गाउनलाई आज आकार
दुनियाँको गीत-प्रतियोगितामा
म पनि एउटा प्रतियोगी बन्छु
सक्नेले दहमा डुङ्गा फ्याकून्
म भटमास फ्याँकेर रमिता हेर्छु
म पनि एउटा गीत गाउँछु

(२)

अरुको जस्तो स्वर-साधनमा
जिन्दो बटार्ने म होइन
गाँड नभएको सग्लो घाँटी
कनी-कनिकन फुलाउन्न
म कलपुर्जे मेसिन होइन
सब्लाई रागसित मतलब छैन
गायक बन्ने लालचाले म
मेरो घिच्रो मर्काइरहन्नँ
आफ्ना ढङ्गले आफ्नै नाश
उँटलाई जस्तो पश्चात्ताप !
आफ्नो बन्धन आफैं हुन्नँ
मेरो गीत सुनिदेऊ भन्न
दुनियाँसित म रोइरहन्नँ
तर, म पनि मेरो गीत गाउँछु
अरू कसैले नसुने
मेरै मयालुलाई सुनाउँछु
म पनि एउटा गीत गाउँछु

भोको जीवनको हिम्मत

—तारानाथ शर्मा सुवेदी "प्रार्थी"
गण्डक अञ्चल, पोखरा, विन्ध्येश्वरी पाख

हे क्रूर साथी म तिमी रुँदै-हाँस्दै हिंडौं है,
यौटै ब्रह्माण्डका जीव भए तापनि,
यौटै जननीका सन्तति भए तापनि,
यौटै देशको माटो भए तापनि,
यौटै समाजका सदस्य भए तापनि,
हे दयाले कोल्टो फर्केका साथी !
तिमी हाँस्दै नै हिंड म पछ्याउँछु आँसु बहाउँदै,
अधिकारले पनि चिन्नसकेन,
कर्तव्यले पनि इशारा गर्नसकेन,
कानूनले पनि छुट्याउनसकेन,
प्रकृतिले पनि भिन्न गर्नसकिनन् ,
तथाऽपि तिमी छक्कापञ्जा नै गर,
म निर्वाह गर्छु पातको सोँगु रचेर नै,
तिमी वन महलका अधिकारी,
मलाई ठान बाहालवाला झुप्राको,
शिला बनोस् .... बिछ्योना तिम्रो निति,

तर ठीक छ मेरो लागि उही शिला तकिया,
तिमीले भोक नलागिकन् नै खाएको खायै गर;
परन्तु मैले खान नपाऊँ भोकले आकुल भएर पनि,
हे लीट्लुटेवादका भक्त साथी,
तिमीले नपत्याइराख म तिम्रो पछि लागि नै रहन्छु,
तिम्रो यात्रा मोटर कारमा नै होस्,
ईश्वरले तर मेरो दुई खुट्टा बलियो बनाओस्,
अनि तिम्रो बोली खस्ननपाओस् पृथ्वीमा
रद्दीको टोकरी नै भरियोस् मैले मात्र बोलेकोले,
हे सामन्त साथी, टाठा बाठा साथी,
तिमी पर गएर पर्खौला मसंग खेल्न चाहौला,
अनि,
कुनै एक दिन यौटा चिमूसी खेल खेलौंला,
त्यस बेला आत्तिएर कुकुरले झैं टोक्नखोजौला
म गरौंला तिमीलाई लगानें काम,
तर तिमी बेपत्तासंग दौडेर घरतीबाहिर पुगौला,
अथवा केही गरी नभागे
कोदाली बोकेर दुवै बाँझो खन्नजाऔंला,
अनि महल र झुप्रोमा यौटै हावा बहलो,
उसै दिनदेखि उदय हुनेछ उही साम्यवादको सूर्यको ।

बनारसी गल्ली

लेखक—बसन्तकुमार सिटौला, आठराई मूलपानी

बनारसको चेपारे गल्ली
कुम्भकर्ण झैं लम्पसार परेको
सर्प झैं यताउता घुमेको
अनि कता हो कता......
असीमित रूपमा बिलीन भएको ।

कस्तो कस्तो......
यहाँ के थोक छैन ? सब थोक छ ।

रिक्सावालको शेष हुनलागेको जोश
साइकलवालको आत्माभिमान
वृद्ध बयस्का तीर्थवासीको ताँती
मरौंच्यासे पिञ्जड भिखारीको लाम
अनि अभिमानी साँढेको हुंकार
यहाँ के थोक छैन ? सब थोक छ ।

हर्षको उन्माद स्वर गुञ्जन्छ
दुःखको मौन सुस्केरा बिलाउँछ
भिखमङ्गा चिच्याउँछ
सुखान्त दुखान्त कहानी गुड्छन्
भोको आत्मा पानी माग्छ तर असहाय......
नीलो आकाश पढ्‌ फुटेर
धर्तीको रित्तो आत्मा भर्न असमर्थ छ ।

यहाँ के थोक छैन ? सब थोक छ।
मृत आत्माको करुण पुकार
अधमरो शरीरको मौन व्यथा
दुई आँखामा चार आँखा
अनि रोइरहेको अवर्णनीय कथा
यहाँ के थोक छैन ? सब थोक छ।
यहाँ स्वर्ग र नरकको जोडान छ
यी गन्धा साँघुरा अनि......
अन्धकारमय नालीमा
लाखौं अबोध शिशुको आत्मा पुरिएको छ
लाखौंको करुण कहानी गंगामा मिसिएको छ।
भोको आत्माको मौन व्यथाको जलप छ,
छुरीको चमक छ अनि
रोइरहेका लाखौं मातृ हृदय अंकित छ
यहाँ के थोक छैन ? सब थोक छ।
बनारसको चेपारे गल्ली
कुम्भकर्ण झैं लम्पसार परेको
सर्प झैं यता उता घुमेको
अनि कता हो कता......
असिमितरूपमा विलिन भएको, कस्तो कस्तो......

२४ अक्टोबर १९६३
वाराणसी

साथीं ! आफूलाई होइन देशलाई हेर जहाँ
तिम्रो 'म' रोएको हुन्छ

"पथिक"

फूललाई ह्वैन काँढालाई सोध
जीवन कति तीतो हुन्छ
रूपलाई ह्वैन वैंसलाई सोध
जीवन कति नांगो हुन्छ
आकाशलाई ह्वैन धरतीलाई सोध
जीवन कति नुहेको हुन्छ
आहलाई ह्वैन आँसुलाई सोध
वेदना कति लुकेको हुन्छ
द्रोहलाई ह्वैन विद्रोहलाई सोध
भावना कति रन्केको हुन्छ
ज्वालालाई ह्वैन आगोलाई सोध
अवयव कति बाफिएको हुन्छ
गोलीलाई ह्वैन बन्दुकलाई तोप
जसबाट ऊ छुटेको हुन्छ
डोरीलाई ह्वैन तख्तालाई फ्याँक
जसले जीवन लिएको हुन्छ

१४-२-'६४ वाराणसी

जाऔं साथीं त्यो उज्यालामा,

अगमप्रसाद उपाध्याय सोती, तारुका

ह्राम्रा पूर्वजको रगत् र पसिना यो भूमिमा टम्म छ।
छोड्नै हुन्न वढौं अझै अघि बढौं नेपालि हूं शक्ति छ।
आऊ लौ उठ झट्ट लेउ अधिकार थाक्तै नथाकीकन
फ्याक्नेछौं जनताजनार्दन मिली झूटो निशाको घना
पाउन्नौं अधिकार हेर अझ तक शोषित र शोषक् वनी,
आमाको यहि पुण्य कोख विचमा जन्मै लिए तापनि।
ह्राम्रो राष्ट्रियता लुक्यो जमिनमा फोरी निकालौं अब
रोक्ने को अब आऊ शक्ति छ भने देश भक्त हौं ह्रामी त
औंसींका रजनी तँ जा अब तँ जा पूर्वी उज्यालो भयो।
गर्जीयो हिमशैल जागृति गर्‍यो भाग्दै अँध्यारो गयो।
कालो रात्रि छ यो समस्त जगमा छोपी वसेको अझै
नीर्धी भै कति बस्तु रोशनि बिना चुस्यों रगत् लौ सबै
ह्राम्रो देश वनोस् अब उठौं बालेर राँको हिंडौ
चुथ्थो यो तम नाशून रोशनी लिई कोटी नेपाली वढौं
जागौं त्यो भवको उषा किरणमा फाली अध्यारोपना।
राता सूर्य उदाउलान् पृथिवीमा होला नयाँ सिर्जना

आँसु

शारदारमण

गुडेका आँसुका दाना बटुल्छु आज उन्छु म
त्यसैलाई लगाएर खुशीले फेरि रुन्छु म
शिलामाथि परोस् किन्तु गुडेको आँसु फुट्तैन
म टिप्छु रुन्छु हाँसेर कसैले लुट्नसक्तैन ।
कति राम्रो कति सेतो मिलेको बाटुलो दाना
सहीमा मोतिकोभन्दा यसै को मूल्य धेरै छ
कति शान्ति लुकेको छ यसै दाना गुडाएर
कति वैकुण्ठ जाँदैछन् यसैलाई जुडाएर
यसैमा प्रेम पग्लिन्छ यसैले ताप मेटिन्छ
यसैले मुस्कुराएर ठुलो सन्तोष भेटिन्छ
रसीला स्वच्छ दानामा कलाको रङ्ग झल्कन्छ
पुरानो विश्वको भन्दा हँसीलो ज्योति टल्कन्छ ।
अहा ! संसारको सार उनेको आँसुको हार
उज्यालो पार्छु यो छाती म जान्छु आज त्यसपार ।
बनेका ती स्वयंभूका उडेको कल्पनाद्वारा
त्यसैमा विश्व उर्लन्छ बहाई भावना-धारा
म हाँसीहाँसो यो माला सुकिला आँसुका उन्छु
हरे ! सारा मुगा मोती म बिर्सेरै पनि छुन्छु ?
सबैलाइ यही भन्छु गुडेका आँसुका दाना
उनेरै लाउनु हार ठुला छन् ती न ता साना ।

२२-३-६३

म कविता लेख्नेछु !

लक्ष्मीनाथ शर्मा

उच्च पर्वतको हिउँ पग्लेर झर्नसक्यो भने,
चन्द्रमाले मध्य रातमा शीतलता भर्नसक्यो भने,
कोइलीले कण्ठ खोलेर मधुर ध्वनि सुनाउनसक्यो भने,
मुजुरले पखेटा फिंजाएर नाँच्ने आँट पुन्यायो भने—
म कविता लेख्नेछु !
मध्य दिनमा सूर्यले प्रकाश फिंजाउनपायो भने—
हरियो वसन्तमा पुष्प हाँस्नसक्यो भने—
नीलो आकाशमा ताराहरू चम्केर नै अस्ताए भने—
सागरभित्रका माछाहरूले चेप्टिनु परेन भने—
म कविता लेख्ने छु !!
झोपडीहरूमा दीयो जलेर प्रकाश भर्न सक्यो भने,
किसानहरू शरदऋतुमा मुस्कुराउनपाए भने,
गाइनेले सारङ्गीमा हाम्रो भावना रेट्नपायो भने,
हामीले पालेको कुकुरलाई मध्य रातमा भुकाउनसक्यौं भने—
म कविता लेख्नेछु !!!

[फिक्कल, इलाम]

'भाँचियो'

विश्वप्रेम अधिकारी

अग्लो पहाड़ बिचको रसिलो स्थलामा,
उम्र्यो 'टुसो' रसिक भै विधिको कलामा ।
टाठा सुपुत्रहरुलाइ अदृश्यताले,
भन्दै गए त्रिदिव तर्फ जगत् पिताले ।

हे विश्वका सुजन हो ! छ 'टुसो' कलीलो ;
शक्तित्व देउ तब वन्दछ यो भरीलो
क्वै दुष्ट आइ सहसा गरदो प्रहार ;
भाँच्नेछ गर्नु सबले यसको सुसार ।

कालो छ मेघ, नभमा निशपट्ट रात ;
झ्यां-झ्यां छ पानि सव तर्फ टलक्क पात
पक्षी र कीटहरुको छ विचित्र बोली ;
हुक्यौं अगाडि सबका निज मार्ग रोकी ।

पूर्णेन्दुको 'किरणतुल्य छ खूब चीसो ;
विस्तार चाँद सबतर्फ छ आफु नाङ्गो
हेर्दै छ काल जनवर्ग र आत्म-भास ;
कर्तव्यलाइ सबको लिइ नित्य स्वास ।

उद्भिद् भए पनि झपक्क शशी समान;
बोल्दैन त्यो मनुजसंग ठुलो छ मान
कस्तो सुशोभित 'टुसो' भनि रक्षकैले;
आनन्द मग्न भइ गान गरे सबैले।

वङ्सेलु औ अरु कुनै धमिराहरूको;
देखिन्नथ्यो भय, तथापि कुहोरहेको
पत्तै भएन, सहसा सबतर्फबाट;
पल्टाउने शुरु लिएर चल्यो बतास।

त्यस्तो कुनै पनि खराब बतास चल्ने;
मौका थिएन, न त मौसम नै थियो औ
आश्चर्यले सकल दर्शक छक्क पर्थे;
एकान्तमा दिनहुं कर्मठ बात गर्थे।

धारा झरे झररझर्र अनेक पाँच;
गर्ज्यो गग्याङ्ग गरि मेघ बतासमाथ
कट्याक्क भाँचिन गयो विचरो 'टुसो' त्यो;
नैराश्यको पथिक भै क्षणमा गईगो।।

"भञ्ज्यांग" बाट

जालमा छु

तेजराज सुवेदी, पोखरा हंसपुर

सारा ढाक्यो हरित बन त्यो वृक्षका पालुवाले
चारा खोज्दै बन-बन चरा मस्त भै घुम्नथाले
कुर-कुर गर्दै ढुकुर चरिले प्रीतिको गीत गाए
मैले मात्तै सकल दिनको निम्ति यो जाल पाएँ
(१)
भेडा-बाख्रा चउर भरि भै प्रेमले चर्नथाले
गाई-भैंसी बन-बन डुली पेट ती भर्नथाले
गोठालाले वर-पर बसी गीत गाए असारे
मैले मात्तै दिन सब यहाँ दुःखले नै गुजारें
(२)
कान्छा-कान्छी दिनभरि सँगै कामले थाकिएका
बोल्छन् राती गुनुगुनु गरी मोहमा लाँठिएका
आकाशैमा जुन-जुनकिरी हेर ती झलमलाए
मैले मात्तै कति दिन हरे! जालमा नै बिताएँ
(३)
मेरा भन्ने जन कति ठुलो आशमा लट्किंदै छन्
मेरा प्रेमी जनहरू सबै प्रेममा लोभिंदै छन्
प्यारी मेरी दिनहुँ रुँदि हुन् खालि आँसु बगाई
मैले काटूँ कसरी दिन यी जालमा छट्पटाई
(४)
जो आशा यो मनबिच थियो कल्पना मात्र भैगो
जो फुर्ती हो गुट्मुट्ट भई जालमा गुट्मुटियो
चारा पानी बिन अरु कुरा चित्तले बिर्सदैछु
आशा राख्छु तर पनि ठुलो के गरूँ जालमा छु

पत्रोत्तर

कविराज शर्मा अधिकारी, वेगनास

पाएँ पत्र सुरम्य भाव रसिलो जो प्रेमको सागर
उर्ले भाव भए जति हृदयका छोडेर सीमा पर
निद्राको वशमा सुस्वप्न विचमा साथै बसेकी थिएँ
फर्कौंला अविलम्ब नै भनि त्यहाँ छुट्टी लिएकी थिएँ

संझन्थे मनले सदा शयनमा कल्पी बिलौना गरी
स्वप्ना कै विचमा ठडा चयनले बोलें पियारी गरी
आत्माकी सहगामिनी हजुरको प्यारी प्रिया हुँ मता
मै यस्ती अवला निराश्रय भई जान्छु र फेरी कता

मायाको दृढ बाँध त्यो फुटिगयो आफैं त्यसैमा बहें
सारा चैन असार भो गरुँ कसो वेचैन भै आत्तिएँ
वर्षाको भल हो सधैं भरि यहाँ टिक्दैन केही गरी
हट्ला भेल र आउला गगनमा उड्ने चरी झैं गरी

बित्नेछैन अवश्य त्यो दिन पनि फर्किन्छ क्यै कालमा
भन्दै चित्त बुझाई गर्दछु म ता यो आशको मार्गमा
बन्ला दुर्गम सिन्धुमा हृदयको सत्प्रेमको पुल त्यो
मिल्ला मार्ग पछी फुलेर रहला दाम्पत्यको फूल त्यो

स्वार्थमा नडुब

फणीन्द्रमोहन अधिकारी, बेगनास

रे रे मानव हो अझै तिमि पनि त्यै स्वार्थमा डुब्दछौ
हेर्दैनौ भवको स्वरूप किन हो ? अन्धा सरी बन्दछौ
हाहाकार गरी अनेक थरिका झिक्दै दयालु स्वर
बाच्नैसम्म नपाई दुःखित भई हिंडछन् रुँदै धर्धर

(१)

कोही वैभवले अहो खुस हुँदै आडम्बरी चालले
मैं हुँ यो भवको ठुलो जन भनी बस्ने झुटोर जालले
हाँसीहाँसि समस्त जीवन भरी ऐश्वर्यमा छौ कति
खाली शोषणका परेर भरमा बस्छौ महलमा कति

(२)

कोही सज्जन दण्डमा फसिगए अन्यायमा बाँधिए
लागे हाँस्न खुशी भई अरु कुनै आनन्दमा पेडिए
कोही त्राहिं भनेर आश्रय कतै केही नपाईकन
थाले हृदम सुँक्सुँक गर्दै आँसु बगाई रुन

(३)

स्वार्थी भै कति स्वर्गको सुख लुटी बस्छन् कुनै दुःखले
यस्ता मानवको घमण्ड हटला कुन वीरका कार्यले
खाली आँसु चुहाउँदा जगतमा आएन क्रान्ति कहीं
लौ हुंकार गरौं मिलिकन सबै विश्वास आफ्नो लिई

(४)

पानी सूर्य र भूमि वायु सबमा एकै सबैको हक
सारा देन अमूल्य यो प्रकृतिको के भेद यस्मा छर
लाखौं जाल रची पसेर बिचमा गर्छन् रजाँई कति
यस्तो जाल रहन्न जागृत भयौं नेपालका सन्तति

विधवा

कृष्णप्रसाद शर्मा, सल्यान गैराथोक

वर्ष सात पुगी आठकी थिएँ
दुःखका भुँवरीमा म जेलिएँ
वृद्ध एक धनवान् चुनीकन
बेचिएँ, निठुर बाबुको मन !

हाय बेची दुहिता लिने धन
वज्रसार किन भो अहो मन !
दग्ध भ्रष्ट गरने दुर्वैरि
काम हो, तर धनै छ सुन्दर

त्यागी शैशव मिठो, उमेरको
लालिमा जब शरीरले लियो
साथ ली सब सिंगार देहको
पाल्नुभो पति त्यजेर मोह त्यो

जो थिए हृदयका सुना यता
वैलिए धुप परी समाजका
तैपनि अब समाजमा सधैं
होस् विवाह समता लिईकनै

टिमटिमे बत्ती

भोजराज, पौंदी

"कति हर्षसाथ तं बल्दैछस्,
पलपल गलीगली जाँदैछस्,
के साँच्चै होश ! छैन तलाई ?"
"मलाई पूर्ण होश छ,
ममा काफी जोश छ,
तर मेरो जोश विनाशतिर छैन,
अंधकार पथमा प्रकाश भर्न,
जीवनभर म बलिरहन्छु
मेरो जीवन सार्थक छ,
रतिभर मलाई विस्मत छैन,
अंधकारको विरोधमा—
संघर्षको निम्ति
मेरो निर्माण सत्य हो,
यही मेरो कर्तव्य हो,
संझन्छु म हुँ भाग्यवान
किनकि मेरो कुलकुटुम्ब पनि
संझन्छन् आफू भाग्यमानी"

हिमालय

सोमनाथ शर्मा पौडेल, रयाले चौर

विश्वको गौरव हिमाल आज उत्तर दिशामा
सन्देश दिन्छ नेपालीलाई टल्केर शोभामा
भाइ र वैनी देखेर आज पछाडि परेका
इन्द्रेनी रंग झार्दछ आँसु छातीमा भरेका
वैषम्य किन अन्याय किन किन हो क्रन्दन
भोक र तिर्खा बढेको किन किन छ रोदन
घामको तातो नपुगी किन चिसो छ आँगन
मनको ज्वाला ननिभी किन वैलायो आभन
मधुर हास्य सुखको आशा सबै त्यो कता गो
हजारौं भाइ आँसुले धुन्छन् मुहार अँध्यारो
ए शुक्र तारा! उदाऊ फेरि अँध्यारो हटाऊ
तममा बीच परेकालाई सुमार्ग बताऊ
हिमाल हाँसोस् जगत नाचोस् आनन्द-सुरमा
नौरङ्गे डाँफै खुशीले गाओस् पहाड्फेदमा
हृदय फक्रोस् खुशीले चम्कोस् नेपाली मुहार
नेपाल हाम्रो विश्वको बीच बनोस् एक जुहार

तरङ्ग

हरिभक्त शर्मा अधिकारी, तन

धीर सागरको नीरवतामा
छाल एउटा आइरहेछ
शान्त निश्छल दिलमा मानूँ
धक्का त्यसले दिइरहेछ

नैराश्यको यो तममय जगमा
आशाको के आलोक त्यो ?
लाखौं भुमरीहरूको भिवमा
कर्तव्यको के संकेत त्यो ?

अपार यो विस्तृत जल-पथमा
पारदर्शक अगुवा झैं त्यो
मनको जडता दूर गराई
चेतनताको आरोपक त्यो

भावजगत्को परम्परामा
नौलो सुन्दर माला गाँस्तै
वक्षस्थलमा नील सिन्धुको
तरङ्ग एउटा आयो हाँस्तै

छटपटी

गुरुराज शर्मा, स्याले चौर

त्यो शान्ति सौम्य मनको अहिले कता गो
चिन्ता वढेर यसरी किन आज आयो
कोही नदीविच परी नमिलि सहारा
हेरे सरि फगत झार्दछु आँसु-धारा

टाढा कता खलबली सरि सुन्छ कान
कोही सहायक छ कि भनी दिन्छु ध्यान
देखी सबै तम उदास छ आज आत्मा
आलोकको किरण पाऊँ कहाँ जगत्मा

ती प्रेमका चहकिला रवि आज आउन्
पन्छी अनेक स्वरले कविता सुनाउन्
छाँगाहरू कलकले नव गीत गाऊन
आनन्दको रस यहाँ सव चाख्न पाऊन्

आशा लिई सव यिनै म थिएँ रहेको
अकैं भविष्य मनभित्र कपीरहेको
आँधी बहीकन कतातिरबाट आयो
त्यो चम्किलो हृदय-ज्योति सबै बिलायो

देश-विकास

चतुर्भुज शर्मा घिमिरे, चिसंङ्ख

पारी देश समस्त उज्ज्वल सफा कर्तव्य आफ्नो चिनी
हामीले अघि बढ्नुपर्छ अब त सद्भावशाली बनी
सारा बन्धुहरू मिलेर अहिले ली एकता लौ बढौं
शिक्षा ज्ञान र नीतिको चहकिलो नौलो उज्यालो छरौं ।
कस्तो सुन्दर यो स्वदेश छ अहा डाँडा घना जंगल
कस्तो राज्य अखण्ड त्यो प्रकृतिको चीसो सफा त्यो जल
क्रीडाभूमि महेशको सुरसिलो जन्मिन् जहाँ पार्वती
हामी जाँगरिला र वीर सब छौं त्यै भूमिका सन्तति
मेटौं स्वार्थ र भेदभाव सब यी पाऊन् सबैले हक
नारी हुन् नर हुन् मिली अघि बढौं छोडेर निद्रा अब
नौला सूर्य उदाई आज सबमा सन्देश दिन्छन् यही
सेवा-धर्म छ मूल-मन्त्र सबको बाटो नयाँ हो यही

जीवनज्योति पुस्तकालय प० ३ नं० वेगनासलाई हर तरहको सद्दत गरी पुस्तकालयको गौरव बढाई अशिक्षाको जरो उखाडु होस ।

प्यारीको चिठी

नन्दलाल "वैरागी" बाटुले चौर

ए परदेशी ! निठुर कस्तो त्यो दिल रहेछ
कसैको यहाँ अमूल्य चोला रोएर जाँदैछ।
म चरी हैन, पाइन पंख उड्न नै सक्तिनँ
हृदयभित्र उर्लेको वेथा म पोख्नसक्तिनँ
पूर्वमा आमो अरुण रातो आकाश चम्काई
दिलको कालो हटेन अझ बदली लगाई
उठ्तछन् चिन्ता अनेक मनमा नयन रसाउँछ
मनको कुरा नपाई पोख्न मन नै जलाउँछ
अर्काको देखी झिलि र मिलि आफू नै हरायौ
बिर्सेर आफ्नो अँध्यारो घर त्यसैमा रमायौ
हजारौं भाई छोडेर भोका एक्लै पो [illegible]घायौ
देश र भेष बिर्सेर आशा माटामा मिलायौ
पत्थर दिल पगाल्नलाई, देखिदन दबाई
चिनाइदेला कसले बाटो कर्तव्य बुझाई
ए आँसु तँ जा हावामा गुडी सन्देश लिएर
पोखिदे सारा बिलौना मेरो सामुमा पुगेर

दुई कविता

—माधव भँडारी

सावधानी

ए, तिमी कुन फूललाई हेरिरहेछौ
तिम्रो आँखा काँडाले घोच्ला।
प्रकृतिको एउटा सोख हो त्यो
निर्माणको एक भोक हो त्यो

❀

विभिन्न परिधिले बाँधिएको
एउटा आत्माको उद्वेग हो त्यो,
स्वप्न-सिन्धुको तरंगमाथि
बहने एउटा आलोक हो त्यो।

❀

तिम्रो आँखाको क्रूर गर्मीले
त्यो फूल कतै वैलाइजाला
दूषितता त्यसमा आयो भने
खबर्दार! तिम्रै नाक छोला।

पुतला

अलाई होशियार नठान तिमी
म चेतन भएर पनि जड छु
मेरा आँखा चम्किला छन् रे!
होइन, म अन्धो छु।

❀

मेरो उन्मुक्त हाँसो हेर
हाँस्नचाहेको मात्र यो
आँसुका थोपा दिलको होइन
त्यो त आँखाको सोख हो।

❀

न निर्माण र परम्पराको
कानून र संस्कृतिको
अज्ञान र दासताको
एउटा पुतलामात्र हुँ।

मेरो घर

होमनाथ शर्मा बास्तोला, फूलबारी

डाँडा सुन्दर छन् जहाँ वरिपरि सादा हरियो बन
नाच्तै निर्झर गाउँछन् खुशी भई उत्ताउल्याई मन
गोठालाहरू गीत गाई रसिलो गुञ्जाउँछन् कन्दरा
सारा अन्नहरू फली सुनसरि पार्छन् जहाँकी धरा

चीसो वायु र स्वच्छ तोय छ जहाँ पार्ने सबै शीतल
झुम्झन् ताल तथा नदीहरू जहाँ टल्की सदा निर्मल
ती डाँडा बिचमा स्वतन्त्र रसिलो सानू छ मेरो घर
हल्ला छैन त्यहाँ, सबै प्रकृतिको एकान्त क्रीडा-स्थल

गाई-भैंसीहरू कुदीकुदी त्यहाँ चर्छन् हरिया तृण
धारा अमृतको बहाई सबको सन्तुष्ट पार्छन् मन
पक्षी सुन्दर रंगका चिर्रिबिरी संगीतमा मग्न छन्
मेरो चित्त छ पुग्न चञ्चल त्यहाँ गोडा यहीं बाध्य छन्

गर्दी हुन् जननी लिएर रसिला आँखा, प्रतीक्षा वहाँ
भाई-बैन्हीहरू यताउति कुदी हेर्छन् कि बाटो वहाँ
त्यो सानो घर पर्खिई मकन नै दैलो उघारीकन
हेर्दी हो पथ फर्किनेछ कहिले आशा यहीं लीकन

पागल

कृष्ण प्रसाद अधिकारी, घरान विजयपुर

यौटा नजिकमा छ विशाल साल।
देखिन्छ नैराश्य, विहाल हाल॥
आँसू गुडेका, छ बिचाल चाल।
आएछ यस्माकि विकाल काल॥

को हो ? अँधेरो निशिमा, सिमामा।
संसारका बान्धव बन्धुतामा॥
कस्तो छ यो हाय कुदिन दीन।
आधारमा, बन्धु विहीन हीन॥

नङ्गा छ छाती भलिभाँति भाँती।
सारेर ओढ्यो चिथरा र काती॥
टपटप् गरी खून बगाइ घाउ छन्।
साछी हरे ! हा विचरा चरा छन्॥

हो या कुनै यो अवधूत धूर्त वा।
मनुष्य वाना छ कि देवदूत वा॥
हो वा कि यो व्याधि स्वरूप रूपको।
होला बरु यो उपहास्य हास्यको॥

खिले कमलका सब आश निराश।
देखेसरो सूर्य प्रकाश हाश॥

वाटो हराएर पऱ्यो कि भूल ।
सक्यो यसै जीवन फूल मूल ॥
लिएर संसार बिचित्र चित्र ।
उठ्यो उभो रङ्गविरङ्ग भित्र ॥
त्यो मौ;ता भन्छ विनाशी गन्दा ।
कत्रो ठुलो ज्ञान विज्ञानभन्दा ॥
आशा न उस्लाई बिहार हारका ।
इच्छा न उस्मा घरबार बारका ॥
रम्दै खुशीले दिनमा र साँझमा ।
हाँसेर मिल्दो छ कठै अनन्तमा ॥
खेल्दै थिए चन्द्र र कौमुदी ता ।
भनिन् उषाले बहिनी तिमी ता ॥
सातो गयो पक्क परे सुधांशु ।
फुर्किन् लजाएर विमुग्ध चान्द्री ॥
क्याकेर ढुंगा वहुला बहुला ।
भन्द युवा हाँस्छन् खान खान ला ॥
हाँसीदियो हा ! सद्भाव भावना ।
उच्चा र एक्लो पना सुकल्पना ॥

मेरो भनाइ

चन्द्रकान्त वासतोला, फुलवारी, पोखरा

आऊ तिमी रोदन काम छैन
आँसु वहाई कहिल्यै जितिन्न
बाच्नु छ खानु छ सधैं जगत्मा
हाँसो हँसाई वढ जिन्दगीमा

के गर्नु सारा छ जगत् अँध्यारो
सर्वत्र देखिन्छ कुनै तगारो
भाँची तगारो वलवीर वन्ने
एकै छ कर्तव्य अगाडि वढ्ने

आदर्शको लक्ष्य छ एक सौम्य
वनाउँने देश विशाल रम्य
आँसु पुछी सार्थक जन्म पारी
दिने जगत्लाई नयाँ चिनारी

सर्वत्र सौभाग्य र शान्ति छाओस्
भोको कुनै पेट भए अघाओस्
शरीर नांगो नव वस्त्र पाओस्
नेपालको भाग्य नयाँ उदाओस्।

सरिता

शिवराज लामिछाने, देउराली, ढुङ्गागाडे

छोरी हिमालकी सानी एनानी चञ्चले तिमी
नाची गाई कता जान्छयौ मदले मस्त झैं वनी ?
छम्‌छम् गरेर रसिला बजाई पाउजेब ती
शिवलाई खुशी पार्न नाचेकी पार्वती सरि
मोहनी मुख चम्काई छदेछ्यौ नव हास्य त्यो
मीठो मोहक रंगिलो अंगको मृदु लास्य त्यो
उमेर कलिलो तिम्रो नयाँ उद्वेग चित्तको
अनेक हँसिला आशा जादु जस्तो भविष्यको
गाउने गुनगुनाएर गीत आनन्दको सदा
आत्मविस्मृतिले आफैं लिए जस्ती सजोव्रता
टाढा लक्ष्य लिई फुरफुर चरी झैं दौडिने तिमी
भविष्यमात्र हेरेर बिर्सने आज नै तिमी
छाँगा ती पथमा हेर ढुंगा चट्टान भीषण
सजिलो छैन ए सानी, युद्ध हो एक जीवन
किन्तु सागरको लक्ष्य नबिर्से कहिल्यै पनि
नझुके लाख बाँधाले आई गिज्याउँछन् भनी

नयाँ ज्योति

यमुनाप्रसाद उपाध्याय, कुन्छा

सदा देशको संस्कृति ख्याल राखी
नयाँ ज्योति विज्ञानको नै प्रचारी
बढाई सबै व्यक्तिमा ज्ञान-भोक
बनाऔं नयाँ एक सौन्दर्य लोक

पुराना सडेका गलेका विचार
सबै रूढिका थोत्रिएका प्रकार
सधैं च्यापिराखे बढौला कहाँ र
ढलाऔं सबै आज प्राचीनबाट

नयाँ [illegible]यता-ज्योति ऐले उदाओस्
सबै एक हौं भाव यस्तो जगाओस्
सबै चित्तको त्यो अँध्यारो हटाई
बढौं देशको मात्र सोची भलाइ

कहाँ आज सारा पुगे मर्त्यजाति
कहाँ हामी छौं हेर आँखा उघारी
निदाई कहाँ काम चल्ला अझै र
नयाँ ज्योति आई पुकारी रहेछ

नयाँ वसन्त

जयकृष्ण उपाध्याय, तनहुँ क्रियापानी

गयो शिशिर त्यो शीत आयो नव वसन्त थो
फूलबुट्टे पछ्यौराको सप्को मारेर सौम्य त्यो
कोपिलाभित्रको आशा आज फक्रेर आँउँछ
चराका दिलको गीत आज धारा बगाउँछ
लुकेका चाहना सारा गुम्सेका भावना सब
सुकेका आँसुका थोपा चम्किला बन्दछन् अब
किन हो दिलको वीणा आफैं झंकृत गर्दछ
चरी निराशको प्राण आज हुंकृति गर्दछ
कविको दिलमा नौलो भावना पालुवाउँछ
समीर स्वच्छमा आज अकैं उत्साह [illegible]उँछ
आऔं सबै मिली गाऔं गीत नौलो वसन्तको
नयाँ संसारको, चाह नयाँ आलोक दिव्यको
नौलो मधुरिमा छर्ने फूलको हास्य-लास्यको
नयाँ मद पिई भुल्ने संगीतज्ञ द्विरेफको
यो हो एक नयाँ सृष्टि, नवीन परिवर्तन
यसैमा बाँच्छ साराको आशा दिव्य चिरन्तन

हाम्रो कर्त्तव्य

कृष्णराज "बराल" आर्वो

कर्तव्य हाम्रो बुझेर अब उन्नति गर्नुछ
शिक्षा र ज्ञान पाएर सबै अगाडि बढ्नुछ
एकता ल्याई देशको सेवा गरेर बढौंन
मानवताको कर्तव्यलाई नबिर्सी चलौंन
साजा छ देश, साजा छ भेष साजा छ संस्कृति
सबैको सेवा सधैं नै गर्ने साजा छ प्रकृति
करोड हामी नेपालका हौं उस्तै नै सन्तान
हाँसो र आँसु सबको उस्तै एकै छ सन्तान
एकै छन् मुटुभित्रका हाम्रा सम्पूर्ण चाहना
गौरव राख्ने देशको राखौं एउटै कामना
माया र प्रेम सबको दिलमा उत्तिकै रसाउँछ
चुम्बन मीठो पाएर मन उसरी रमाउँछ
सबैको आज मुटुमा चरम उज्यालो लगाऔं
प्रेमको फूल विशाल दिल सबैमा चढाऔं

बिजुली

बलभद्र शर्मोपाध्याय, वाग्ले तर्नहुँ

तिरिमिरि तिरिमिरि आँखा टिप्दै
बिजुली नभमा चम्किरहेछ ।
मेरो मनमा एक तरङ्ग
आज प्रतिक्षण छाइरहेछ
साउनको यो बदलीबिचमा
गर्जनको यो भीषणतामा
कसरी बिजुली चढिरहेछौ
मादकतामा हाँसिरहेछौ
झनझन दिलका तार बजाई
आशाको आलोक सजाई
एकै क्षणमा रँगिलो जगको
दृश्य चमत्कृति पूर्ण बनाई
क्षणमा तिम्रो रूप कताको
पीडा मनको आज उदायो
आऊ फेरि, क्षणिक सही होस्
तर वैचित्र्य अनेक फिजाओस्

उनको विशालता

नन्द प्रसाद अधिकारी, त्रेगनास

तिमीले एक्लै उनलाई हत्यायौ
आफ्नो बनायौ
सागर जस्तो विशाल
उनको गम्भीर हृदयमा
आफ्नो मात्र प्रतिबिम्ब हेरेर
तिमी मख्ख पर्छौ
आफैं घमण्डले फुल्छौ
हामी सबै उनको उपभोग गर्नचाहन्छौं
उनको सौन्दर्यलाई हेरेर मस्त हुनचाहन्छौं
हामी आफ्नो पनि हुनमा केही अधिकार
केही कर्तव्य र केही आफ्नोपना
देखाउन चाहन्छौं ।
उनी हामी धेरैकी हुन्—सबैकी
उनको विचारमा त्यो संकीर्णता छैन
हामी सबैलाई अटाउन सक्ने
हँसाउन सक्ने र रमाउन सक्ने
उनमा क्षमता छ
आफ्नो साँघुरो हेराइले
उनलाई साँघुर्‍याउन नखोज ।

त्यो दिन

हिमालयजंग के. सी., सँतौं माझ-डाँडा

त्यो दिन आउन्न !
जसलाई म चाहन्छु, जो मलाई चाहन्छ ।
त्यो दिन...
म सुनलाई पीतल, पीतललाई सुन भन्थें ।
मेरो निम्ति पीतल सुन बन्थ्यो
म सदा प्रसन्नै रहन्थें ।
तर आज म अक्कै भएको छु ।
मलाई अगाडि दायाँ-बायाँ
चारैतर्फ नजर घुमाउनु छ ।
कोपिला फूललाई मल-जल,
ठूलालाई उनको ठाउँ दिनु छ ।
जिजुका पालादेखिको सुन्दर,
यो ठूलो बगैंचालाई
झन् राम्रो गर्नुछ, बढाउनुछ,
यी साना बिरुवालाई ।
मैले लापरवाही गरें भने,
बगैंचा सडेर बगेर जानेछ ।

मेरो केही कदर रहनेछैन,
जिजुको नाम हराउनेछ ।।
सोच-विचार गरी बोल्तुपँछ ।
न छिट्‌न भोक छ समयमा ।
म आफूलाई पाउँछु हर वखत,
हुर्काउने, बढाउने चिन्तामा ।।
काम र धन्धामा व्यस्त,
चिन्तारहित म रहन्न ।
क्षणमा वस्ने अवकास छैन,
जवसम्म त्यो दिन आउन्न ।

बिदा

वामदेव शर्मा अधिकारी, वेगनास

आकाश नीलो बादल ओढी धुरुरु रुँदै छ
सरर चिसो चलेगई हावा सुस्केरा हाल्दै छ
मौन छन् दिशा अँध्यारो मुख लिएर कुनामा
आँसुको थोपा बिहान झर्छन् कलिलो मुनामा

सपूत एक लिंदैछ बिदा नेपाल आमाको
भोक र तिर्खा पेटमा कुन्लो पिट्यूँ मा आशाको
आँखाको ज्योति आमाको आज विदेश जाँदैछ
देशको नाउँ इज्जत पनि वहाई लाँदैछ ।

गाँस र वास देशमा कतै जुटेन हामीलाई
पेटको निम्ति पगाल्नुपर्‍यो अर्काको दिललाई
हे भीमसेन ! अमर ! तिम्रो त्यो शक्ति पठाऊ
एकपल्ट फेरि नेपाली मुटु जोशले भराऊ



आँसु

चन्द्रनाथ खनाल तनहुँ, सिमपानी, आमडाँडा

हो, यो मेरो दुई थोपा आँसु
तिम्रै स्मृतिमा बहिरहेछ ।
तिम्रो निम्ति म
एउटा रेटन लगिएको बोको जस्तो
एउटा नेल हथकडी लाएको कैदी जस्तो
एउटा पिंजरामा परेको चरी जस्तो
केवल आँसुको धारा बगाई
बन्धनको इशारामा चल्दै छु
तिमी नसम्झे कविता लेख्दैछु
कवि बन्दैछ
मेरो कविता तिमी हौ
मेरो व्यञ्जनामा तिम्रो आत्मा छ
तिम्रो विवशता र मेरो विवशता
अनि संसारको विवशता
यही नै आजको जीवन हो, कविता हो
भोलिको जीवन हामीलाई
पर्खिरहेछ
हाम्रा सन्तानलाई...... ।

कसको धोको होला

पूर्णकान्त अधिकारी

पारि वनमा सुसेलीको कसको गीत होला ?
विरहले भरिएको, कसको यांद होला ?
पूर्णिमाको चन्द्रमाले आँसु झाऱ्यो होला
औंसी रातै जस्तो कालो, कसको दिल होला ?

पारि वनमा…

अन्नपूर्णा हिमालको, सुटु छोप्यो होला
वज्रभन्दा कठोर त्यो, कसको दिल होला ?

पारि वनमा…

घाम पानी पचाएको, ढुङ्गो टुसाइआउला
मर्स्याङ्दीको बाढी सङ्गै, कसको दिल होला ?

पारि वनमा…

पहराको दिल दुखी, आँसु झरी आउला
वेदनाको गीतभित्र, कसको धोको होला ?
पारि वनमा सुसेलीको, कसको गीत होला ?
विश्वको गीतभित्र, कसको धोको होला ?

लंजुङ् दुराडांडा

म सानै छु

रेवतीविलास शर्मा, स्याले चौर

ए देशका नरकङ्काल हो
ए देशका घरानिया कुलीन हो
ए देशका निर्माणकर्ता हो
मेरो कुरा बुझ मनमा गुन म अझै सानै छु,
तर सानै भनेर हेला नगर
पुराण र धर्मशास्त्रलाई जलाउँदा झैं उत्पात होला
तैपनि मरण चण्डी बन्ने छैन किनकि म अझै पनि सानै छु।
रावणले सीतालाई, दुःशासनले द्रौपदीलाई झैं नगर
फेरि लंका-दहन र कौरवको विनाशको नयाँ रामायण र
महाभारत लेख्नु झंझट पर्ला,
यतिखेर बाल्मीकि र व्यासको पत्तो छैन,
यसैले ममाथि दूषित नजर नराख
म जे पनि बन्नसक्छु, तर म सानै छु।
म शील स्वभावकी छु,
मलाई श्रृंगारले सजिसजाउ पार
मेरो मुख नथुन, थुक फुकाएर
बोल्न, लेख्न, हाँस्न, खेल्न र खान लाउन देउ

तब म संसारको सर्वश्रेष्ठ सुन्दरी बन्नेछु
आजदेखि मेरो हुर्मत नलेऊ, कोठामा बन्द गर्ने भावना
छोड, म नाशिएर जानेछु
मलाई जोबनले भरिपूर्ण हुनदेउ
मेरो बालपनमा बूढो दृष्टि छोड,
म सानैमा कुटिन्न म क्रमैले जवान हुन्छु
यसैले म सानै छु,
सानै छ भनेर नहेप
म वीर वंशकी सन्तान हूँ
तर अहिले म सानै छु ।

वसन्तको प्रतीक्षामा

पीताम्बर शर्मा, सल्यान

जा जा लौ अब दुष्ट हे शिशिर ! जा चीसो महानिर्दयी
तेरो अवधि पुग्यो सके जति गरिस् सर्वत्र नै फैलिई
सारा झार र पात फूल जगमा कोही झरे कक्रिए
पाएनन् नभभित्र उड्न ती चरा एकान्तमा घुस्रिए
आनन्दोत्सव पूर्ण गीत जगको ऐले विलायो कता
त्यो चीसो हिउँमा दबेर जनता सारा भए बेपता
छोडे पाउन खानसम्म कहिले काम्छन् सबै थुर्थुर
पाएनन् तन पार्न शुद्ध र सफा रुन्छन् कुनै घर्घर
कोठाकै बिचमा कुहीकन कति कंकाल जस्तै बने
सारा शून्य भयो जगत् दशदिशा त्यास्ता अँध्यारा बने
यो देखो हिमशैल क्रोधित भई छोड्ने हिउँको बम
तर्सेर गर्दछ बाघ भालु वनका गर्छन् ठुलो गर्जन
चंकाई तलवार पातहरुको हल्लाउँदैछन् रूख
सारा जीव चरा तथा पशुहरू छन् आज एकै मुख
फुं फुं सास गरी बली हुरुरुरु ज्वाला मुखी पुग्दछ
वसन्ती नव दीप्ति ल्याउन सबै संसार सन्नध्द छ
तेरो यो सब चाल ढाल अहिले आमूल बद्लीकन
नौलो ज्योति वसन्तको जगतमा सर्वत्र फैलाउन
सारा वीर बनी उठे अब तँ भाग् लौ हेर् उता पूर्वमा
रातो च्यादर फैलियो ऋतु नयाँ फिर्ने ठुलो हर्षमा
फर्कला नव सौम्य त्यो ऋतु छिटै आनन्द सारा लिई
होला भीषण दुःख अन्त्य सबको नाच्लान् ती फुक्का भई
मस्केलिन् पृथिवी विशाल नभ त्यो फैलाउला नीलिमा
होला उत्सव एक भव्य रसिलो संपूर्ण यो भूमिमा

नेपाल

काशिराज शर्मा सुवेदी

शिवको वास कैलास महल हिमाल पर्वत
ती तत्ववेत्ता जनकको पुर नेपालै भित्र छ
पहिले वोर सैनिक घेर शत्रुलाई धकन्छ
ती पशुपति देवको मूर्ति देशान्तर झं झं छ
शिवको श्वसुर हिमाल पर्वत शिर उच्चा गर्दछ
रामका गुरु गाधेय आश्रम शिक्षित पार्दछ
पर्वतश्रेष्ठ त्यो गौरीशङ्कर विश्वलाई हेर्दछ
सुन्दर स्वच्छ पवनलाई आकर्षित गर्दछ
कविको श्रेष्ठ मण्डप बन्यो नेपाल घरमा
विप्रको श्रेष्ठ मान्यता दिन सर्दछ अझै त्यो।
वेलिया राम्रा पशुको ग्राम प्रकृति पोषण
गौतम बुद्ध पवित्र नास पर्दछ झंझम
पुलाहाश्रम पवित्र पनि नेपालमा गुँज्दछ
पाणिनि जन्मी शिक्षाको दीप देशान्तर चंक्छ
क्षेत्रीको धर्म सार्थक भई विश्वलाइ व्युझाउंछ



टोपीको दाग नफाली भएन

मेघराज शर्मा 'पौडेल'

म हुँ नेपाली
मसंग यौटा टोपी छ।
यो हो राष्ट्रीयताको चिह्न र
राष्ट्रीयताको भावना छ यसमा,
आखिर—राष्ट्र यही हो।
यसमा लाग्यो यौटा दाग,
जसले गर्दा म भएँ हताश।
यो पखाल्न कोशिश गर्छु,
कति गरें सकिन।
आखिर, 'वासिंग मेमो' जमा गरें,
केही लागेन।
उसले गर्दछ टोपीमा शासन,
आफै दाग छ, टोपीमा कस्तो—
शासन जमाएको होला ?
सौन्दर्यका पुञ्ज के गति भएको होला ?
यस कारण—
अझ प्रसिद्ध वाशरहरूसंग,
मलाई भन्न कर लाग्यो,
टोपीको दाग नफाली भएन।

कवितानुनयः

गङ्गाधरस्य

याहि द्रुतं सुरङ्गे जातेऽलं ते विलम्बेन।
लाभस्ते—प्रचुरः स्यान्मनसोर्गुणिनां समाश्रयणात् ॥ १ ॥

निर्दोषा गुणवत्यो नाना-श्लेषा विभूषणैः सौम्याः।
सन्ति सपत्न्यः सरसा इति दुर्वेगो न कार्य उद्वेगः ॥ २ ॥

सरसाः सगुणाः सौम्याः सुकोमलास्ता भवन्तु किन्त्वत्र।
परिचित परिचर्या याः प्रेम्णः पात्रं प्रियस्य ता एव ॥ ३ ॥

ज्ञानी गुणी विपश्चिद्धीरोदात्तः प्रकल्पितो भर्ता।
अथ जाते ! विमनास्त्वं कुटुम्बिनः किं तदा कुर्युः? ॥ ४ ॥

कविते ! दयिते कुपिते न हिते भविता स्थिरायतिर्विसृतिः।
सर्वं ज्ञात्वा चैतत्पतिपरिचर्योत्सुका भूयाः ॥ ५ ॥

—भानूदयस्य कृते
१५ माघ २०२०

वसन्त

अग्निप्रसाद शर्मा, वराल बनकुटा

नवसुधा वसुधा भरमा छरी, सुमनको मनको सुखमा भरी
रसझर्ई मधुमा मधु मासको, प्रियसरी यसरी अब प्राप्तभो
विटप पल्लव सुन्दर देखिए, सहरिया हरियो बनझैं भए
सुनि निकुञ्ज यहाँ पिक कोरव, प्रिय हुने न हुने चिनिए सब
अलि अली अलि फूल महाँ डुली, सरस भै रस सौरभमा भुली
बसि बसी सुत या मुनि झैं स्थिर, किन भयो न भयोकि कुनै पिर
डुलि डुली हरिया रूखमा सदा, सकलको कलको मन नासंदा
मन गरी न गरी बिच त्योरून, किन पर्‍यो न पर्‍यो बिरही हुन
नवलता कलतागत भै वढो, लहरिया हरिया रूखका चढी
पवनको वनको गति सूचित, कुटिलता छलता छ लतासित
फुल अनेक थरि थरिका फूली, भ्रमर गुञ्जित रम्य वनस्थली
बिच पँटी छ ऋतूद्भव वैभव, कुहु कुहू किल कोकिलको रव



जीवनका दुइ पाङ्ग्रा

मोदनाथ 'प्रश्रित' गुल्मी खिदिम (लुंविनी)

सुतेर मानव जे जे खोज्दछ ती ती आशा पूर्ण हुँदैनन्,
धनको धारो लाउन खोज्दछ, पहाड आई झर्न दिंदैनन्;
अगाडि मानव खोज्दछ दौडन विघ्न गई झट पक्डन्छ,
तथा पि मानव पछाडि न हटी श्रेय खोजमै दौडन्छ।
जे जे मानव खोज्दछ, पाए जगतै उहिले नष्ट हुंदो हो,
मानव अल्छी पामर बन्दा विधिको नाटक भ्रष्ट हुंदो हो;
अपूर्णता औ आकांक्षा नै जीवनका दुइ पाङ्ग्रा हुन्,
यी दुइ छैनन् जहाँ भने ती जगका निष्क्रिय ढुङ्गा हुन्।

"मेरो कामना"

मोतीराम शर्मा, राईपुर

ए हावा त जा सरर बग्दै सन्देश लिएर
लुटेको मन टुटेको दिल जोडीदै गएर
शीतको रूपमा आशुका थोपा वर्षादिझरर
कलिला मुना प्रेमका टुसा हुर्काइदै भरर
जुनेली रातमा छायाको रूपमा झलझलि झल्कीन्छ
जुन किरी आई अगालो मारी गहना भर्दिन्छ
मुटुमा तिम्रो तसवीर आई टासिन्छ टपक्क
शत्रुको जस्तो व्यवहार तिम्रो राखे है थुपुक्क
मेरा यी आशा हुन् तिम्रा नाशा राखे है दिल भित्र
दयाको पोको मयाको भोको केही छैन मन भित्र
स्वर्गको इच्छा भएर भिच्छा मागेथे केही दिन
विषपो पाए पिएर अब मए है न हिन

विपना

शेष रमण खनाल
प० ३ नं तन्हौं सिंपानी (नेपाल)

फल फूल आदि वन्य प्राकृतिक दृश्य,
सुगन्धको खानी भएको,
प्राकृतिक झर्नाको मधुर ध्वनि र
स्वपरिश्रमानुकुल चल्ने ग्रामवासीको
ठार घात र वन्य प्रकृतिसिद्ध शब्दमा गाउने
पंक्षिको मधुर आवाजको,
सिपालु संगितकारका संगीतमा गाउने
गायक र गायिकाले, अनुकरण गरेका हुन्कि
भन्ने भान जहाँ हुन्छ, त्यही मेरो जन्मस्थल हो।
जब जन्म भयो,
त्यस मौकामा सबै मसंग डराउँथे।
मैले विश्वास दिलाउँने प्रयत्न गर्दा
कोहि अपरिचित असभ्यतायुक्त मानव सम्झन्थे
त कोहि त 'महात्मा गान्धी'
कतिले अणुबम पनि सम्झँदा होलान्
यत्तिकैमा अलि अलि गरि विश्वमा फैलिएँ
जहाँ पुग्न सकिन 'वाणभट्ट' नै भएर हो वा
बुद्धपथ दर्शकरूप भएर हो।

आजकल जता पनि मै छु,
आकाश पृथ्वी पातालमा यदि ममा प्रयास र शक्ति आज
प्राचुर्य मात्रामा न हुँदो होत
विज्ञानमा शून्य हुने थियो।
जस्को मार्ग उच्च संसारमा छ।
दुइतिर पर्वतले अँच्याटन खोज्दा पनि
प्रतिज्ञा म छोड्दिन तर
आजकल म आफ्नै निन्दा गर्दछु।
पत्नीव्रता हुँ, तर खाना सुत्ना
वेश्याको घरमा नै हुन्छ,
मेरी आराध्यदेवी यिनै हुन्।
"मैले बनाएको मीठो खाना खाऊ,
घर्बुना लाऊ" आमा भन्नु हुन्छ, तर
म विद्वता र सभ्यताको म हुँ पुजारि।
सोझो लाइनको म छु, तर
यता र उता मलाइ तान्दछन्,
ज्यान बचाउने जुन काम गर्दछु काम गर्दा
अरूकोनै ज्यान जानु स्वाभाविकै हो।
यमराजको निमन्त्रणा आए पछि
यही सुझ्यो—समानभक्षी पो रहेछौं।

छक्क-पाऱ्यो

सूर्यप्रसाद "प्यासी" सिवाँरे

के हो यो अझ मौन दीन सरी छ बोल्दैन केही पनी
साथीको सब भाव लिन्छ तर त्यो खोल्दैन केही पनी
लाटो झै गरि हिड्छ शान छ अहो ! केही न जान्ने गरी
कोहो यो छ उदेकको भुवनमा साथी भनुके गरी ?
बोलीमा यदि बोल्दीए सब जना छक्कपारी टोल्याउँछ
साँचै हो कि भनेसरी सब यहाँ बिश्वास देखाउँछ
ठीक्कपार्ऱ्यो सब चालके छ तर त्यो जान्दैन केही पनी
यै रितले सबलाई जादू सरीको आश्वासनै दिन्छनी
आयो ठीक बखत्जसै समयको मौका न छाड़ीकन
फालीदिन्छ सबै समाज जनको कालो धमिलोमन
अन्त्यैमा परिणाम देखी न गए दङ्पारी फालिदियो
हाल्यो भित्र गुजा पनि कठीनले उठ्नै नदीने भयो,
अन्त्यैमा जबभो मनोरथ सबै सम्पूर्ण इच्छादिको
एक तर्फा हुन जान्छ दुःख सबमा एक तर्फ खुसीभयो
फेरीत्यै विषय लिएर सबमा सम्पूर्ण क्रोधाग्निले
एक तर्फी झगडा निकाली कंनदा खाली भइ मिल्किए

"मेरो प्यार बुझिदेउ"

तुलसी देवी, रामघाट

घिरिन्छ छातीयो मेरो नपाई दर्शनै उनको
म प्यासी छु बुझाऊँ प्यास् जसोरी हुन्छ यो दिल्को
मुटुबाट बगेका छन् असंख्य आँसुका धारा
जता हेर्छु अध्यारोछ उज्यालो पारलौ प्यारा
खिचिं तस्वीर मन भित्र मिलनको वेदना चल्छ
छट्पटी चल्छ चाहान्छु प्रकाश देऊँ कहाँ केछ
कति आशा लिई हिड्छु भविष्य दीप झै पार्न
बिना अर्ति र दर्शनले पऱ्यो मैले मुटु मिच्न
सवैंती प्रेमका कृति जसै आई रूपलिन्छन्
खुसिले नाची त्यस वेला उनैमा मस्त भै हाल्छु
सबै अपर्ण गरेकी छु जीवनीका सबै मेला
के अझै बुझ्न खोज्छौ के कसरी भयै दिलमा होला
फँसाई गुणको जालमा कैदी पारेर प्रेमैको
कहाँ हर्दम लुकीवस्छौ कसी बन्धन वियोगैको
सधै पानैगरि वस्छु नयन चञ्चल्गरि हेर्छु
दन्दनी दन्की यो छाती धैर्य छोडी मलिन हुन्छु ।
विरहाग्नी जलिमनमा कलेजा भत्भति पोल्छ ।
वेदना सम्झी त्यस बेला धक्धकी चल्न यो थाल्छ
लालिमा ख्यै वदनको यो गयो लौ उनकै साथमा
बताऊँ आई पासैमा देऊँ मुस्कान ओठैमा
लेऊ राँको अध्यारोमा लम्क कर्तव्य मार्गैमा
चादनीको लिई रूप लगिद्यौ त्यो उज्यालोमा

तब नेपाल हँसाउला !

खोम प्रसाद अधिकारी धन्कुटा

हितकर मार्गीहो ! न भूल आज सुपथ नेपालको
फुलाउँलाफूल, श्री हांसेकी होलिन् मायाले धोलाउला !
हे गुणग्राही हो ! पूर्वीय गुण देहमा भिजाउला
गरेर सेवा परोक्ष जीवन साफल्य तुल्याउला
अशान्त जीवन अंध्यारोपना हटाई झलकै
अमङ्गल फारी मङ्गल ल्याउ, यी प्रदीप्त भानु झैं
आरती गर्ला विहानी पख यो विशुद्ध दीप्तिको
वीरका गाथा दिलले गाउ है हे भावी कविहो ?
भा[illegible]को पोको मुटुको टुक्रो दिएनि कसैले
आलोक फैली हृदय हाम्रो उचाल्छ, स्नेहले
पुष्पित फूल झैं हे भाइ तिमी, नेपाल हँसाउला
गरेर मात्र मरेर छाड, तब नेपाल हँसाउला

सहायताको लागी आह्वान

"प्रगतिशील पुस्तकालय" प० ३ नं० पोखरा हंसपुरलाई आर्थिक, बौद्धिक, पुस्तक, पत्र-पत्रिका आदिको सहायता गर्नु प्रत्येक मानवको कर्त्तव्य हो । अतः आफ्नु कर्त्तव्यलाई कसै न भुल्नु होस ? सहयोग गर्नु होस ? पुस्तकालयको शोभा बढाउनु होस ।

प्रगतिशील पुस्तकालय प० ३ नं० पोखरा हंसपुर ।

विनीत—तेजराज सुवेदी

चन्दा दाताहरूको नामावली

नाम	रु०	नाम	रु०
गणेश थापा क्षेत्री	३।५०	लिलाधर शर्मा	१।
टीकाराम पाण्डे	३।५०	भानुभक्त शर्मा	१।
तेजप्रसाद उपाध्याय	३।५०	दिल्लीराज शर्मा	१।
पं. करुणानिधि	५।	नेत्रविलास शर्मा	१।
कृष्णबहादुर गुरुं	१।	बबर बहादुर	१।
पं० गुरुदत्त शर्मा	२।	ध्रुव बहादुर के. सी.	२।
पं० अनिरुद्ध शर्मा पौडेल	२।५०	कृतिनाथ शर्मा	१।
डिल्लीप्रसाद शर्मा	१।	चिन्तामणि शर्मा	१।
प्रजापति पोखरेल	१।	पं० दुर्गादत्त उपाध्यय	१०।
पं० लिलानाथ शर्मा	१।५०	टीकाराम शर्मा	१।
प्र० प० मानबहादुर	१।५०	टीकाराम शर्मा	२।
रबिमोहन शर्मा	१।	हरिकृष्ण अधिकारी	१।५०
जीवनाथ शर्मा	२।	चेतेन्द्रवीर जंग	१।५०
जि० मु० गंगा बहादुर	२।	कुलप्रसाद अधिकारी	१।
बलभद्र शर्मा	४।	टेकनाथ उपाध्याय	१।
पं० रेवतीरमण शर्मा	३।	वामदेव शर्मा अधिकारी	१।
दण्डपाणि शर्मा	१।	होमनाथ सुवेदी	।५०
भोलाप्रसाद उपाध्याय	२।	धनपति सुवेदी	१।
कान्छाभाई श्रेष्ठ	५।	महाँप्रसाद सुवेदी	१।
श्यामनारायण श्रेष्ठ	२।	बुद्धिसागर सुवेदी	।५०
जि.मु.भवानीप्रसाद पौडेल	१।	पं० गोविन्द सुवेदी	२।
खड्गानन्द अधिकारी	१।५०	राजेन्द्र बहादुर थापा	५।
क० बुद्धिसागर धिमिरे	१।	डिल्लीराम तिंसिना	५।
काशीनाथ सुवेदी	१।	कौशिला कामिनी	१।

आर. एस. धवन, कमर्शियल प्रिंटिंग वर्क्स, त्रिलोचन घाट, वाराणसी।

शुभ-कामना

आचार्य-रत्न डा० गोविन्दकविराज



एम्. ए. एम. ए. एम् एस्., एम्. एम्.डी. पी.एच. डी. (फायनल वी-एच. यू.)

सर्वदर्शनाचार्य, व्याकरणाचार्य, साहित्याचार्य, आयुर्वेदविज्ञानाचार्य भिषगाचार्य वैद्यरत्न, हिन्दी-साहित्यरत्न, वेदान्तशास्त्री (अंग्रेजी सहित)

प्रोफेसर—वाराणसेय संस्कृत विश्वविद्यालय, वाराणसी ।

स्वदेश सेवा र स्वकीयसंस्कृति-
प्रचारमा खूब लगाइ सन्मति ।
फलोस् फुलोस् लक्ष्य ठुला ठुला लियोस्
प्रणम्य "भानूदय" नित्य भै रहो[illegible] ॥

आह्वान

आऊ आऊ कविवर तिमी फेरि फर्केर आऊ
घोराचारी दमनलमले त्रग्न [illegible] लौ बचाऊ ॥
स्वार्थी निर्धमक म[illegible]न्त्र सारा हटाऊ ।
[illegible]का [illegible] न[illegible] रामराज्यै फिराऊ ॥
कालो नीलो नभ निच कुनै ल[illegible] छाइ आऊँ ।
पारी सारा [illegible] जनता [illegible] [illegible] [illegible] ॥
खोलुन आँखा सब जन उठुन् पाइ तिम्रो प्रकाश ।
[illegible] आऊँ [illegible] [illegible] [illegible] [illegible] ॥